# प्रचलित कानूनमा रहेको दोहोरोपना

## (Overlapping Clause)

## सम्बन्धी अध्ययन प्रतिवेदन,

## २०८०

नेपाल कानून आयोग

नेपाल कानून आयोग
नयाँ बानेश्वर, काठमाडौं

# विषय सूची


परिच्छेद-१
प्रारम्भिक

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य २

१.३ अध्ययन विधि ३

१.४ अध्ययनको सीमा ३

१.५ अध्ययन समितिको गठन र कार्यादेश ४

परिच्छेद-२
कानूनको दोहरोपनाहुनुको कारण र त्यसको विश्लेषण

२.१ कानूनको दोहोरोपना हुनुको कारण ६

२.२ अध्ययनको उद्देश्य ९

परिच्छेद- ३

दोहोरो परेका कानूनी व्यवस्थाहरु

३.१ मुलुकी देवानी संहिता र अन्य देवानी कानून ११

३.१.१ गोपनीयताको अधिकार ११

३.१.२ जन्मदर्ता १२

३.१.३ जग्गा प्राप्ति वा अधिग्रहण र क्षतिपूर्ति १२

३.१.४ कार्यसमय तथा ज्याला १४

३.१.५ काममा लगाउने उमेर १५

३.१.६ कार्यवातावरण १५

३.१.७ शरीरको अङ्ग दान १६

३.१.८ सामान्य कानूनको प्रयोगमा भेदभाव नगरिने १६

३.१.९ बालबालिकाको पालन पोषण १६


नेपाल कानून आयोग

| | |
|---|---|
| ३.१.१० त्रुटीपूर्ण उत्पादनको जिम्मेवारी | १७ |
| ३.१.११ बच्चाको बाबु आमासँगको सम्बन्ध स्थापित गर्ने अवधि | १७ |
| ३.१.१२ तीन पुस्ता खुलाउने | १८ |
| ३.१.१३ गर्भपतनको अधिकार | १८ |
| ३.२ मुलुकी अपराध संहिता र फौजदारी कसूर कायम गर्ने अन्य कानूनी व्यवस्था | २० |
| ३.२.१ अनुसन्धान तथा कारवाहीको जानकारी पाउने | २० |
| ३.२.२ आत्मरक्षा | २० |
| ३.२.३ अपराधिक लाभ लिएमा हुने सजाय | २१ |
| ३.२.४ खाद्य पदार्थमा मिसावट गर्न नहुने | २२ |
| ३.२.५ थुनामा राख्ने अवधि | २३ |
| ३.२.६ दाइजो सम्बन्धी कसूर | २४ |
| ३.२.७ गर्भपतन सम्बन्धी कसूर | २५ |
| ३.२.८ विद्युतीय माध्यमबाट गोपनीयता भंग गरेमा हुने सजाय | २६ |
| ३.२.९ हुलाक टिकटको पुनः प्रयोग गरेमा सजाय | २६ |
| ३.२.१० नाप्ने वा तौलने साधन नक्कली बनाउन र प्रयोग गर्न नहुने | २७ |
| ३.२.११ बालबालिकालाई हुने सजाय | २८ |
| ३.२.१२ जातीय तथा अन्य छुवाछुत र भेदभाव गरेमा हुने सजाय | २९ |
| ३.२.१३ खोटा मुद्रा वा सिक्का बनाउन वा प्रयोग गर्न नहुने | ३१ |
| ३.२.१४ सार्वजनिक जग्गा व्यक्तिको नाममा कायम गर्न नहुने | ३२ |
| ३.३ अन्य प्रचलित कानूनमा दोहोरो परेका कानूनी व्यवस्था | ३२ |
| ३.३.१ अख्तियार दुरूपयोग अनुसन्धान र भ्रष्टाचार निवारण | ३२ |
| ३.३.२ लिखितहरूको बर्गीकरण | ३४ |
| ३.३.३ निर्देशक, मेनेजर, अन्य कुनै अधिकारीलाई सजाय हुने | ३४ |


नेपाल कानून आयोग

३.३.४ अपाङ्गता भएका बालबालिकाको अधिकार ३५
३.३.५ सार्वजनिक सम्पत्ति हिनामिना गरेको कसूर ३६
३.३.६ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार ३६
३.३.७ औषधि मिसावट गर्न नहुने ३६
३.३.८ आयोजनाको गुणस्तर परीक्षण ३७
३.३.९ गोपनीयता सम्बन्धी कसूर सम्बन्धमा संहिता र ऐनबीच तुलना ३७

परिच्छेद- -४

निस्कर्ष र सुझाब

४.१ निस्कर्ष ४२
४.२ सुझाब ४४

नेपाल कानून आयोग

# परिच्छेद-१
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

कानूनको मूलभूत उद्देश्य मुलुकमा शासन व्यवस्था कायम राख्नु तथा जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु हो। आधुनिक शासन प्रणाली कानूनद्वारा नै निर्देशित हुने भएकोले कानून स्पष्ट, सरल र बोधगम्य हुनु पर्छ। कानूनमा द्विविधा वा दोहरोपना रहनु हुँदैन भन्ने विधिशास्त्रीय मान्यता रही आएको छ। दोहोरो कानूनी व्यवस्थाले आम नागरिकमा अन्यौलता र कार्यान्वयनमा जटिलता ल्याउँछ। मूलतः सामान्य कानून वा संहिताकृत कानून निर्माण गर्दा आम नागरिक र समाजमा प्रत्यक्ष सरोकार राख्ने बढीभन्दा बढी विषयलाई एउटै कानूनमा समेटी अधिकांश विषयलाई एउटै कानूनबाट नियमन गर्ने मूलभूत लक्ष्य लिएको हुन्छ। समाज विकासक्रम सँगै परिवर्तन वा विकास हुने नयाँ नयाँ क्षेत्र वा विस्तार हुने अपराधको दायरालाई सामान्य कानूनको व्यवस्थाले सम्बोधन गर्ने अवस्था नहरने हुँदा विधायिकाले विषयगत कानूनको निर्माण गर्छ। कतिपय अवस्थामा एउटै  विषयवस्तुमा एक भन्दा बढी कानून बन्नु वा उही विषयलाई फरक फरक कानूनमा समेटिनुले कानूनको दोहोरोपना सिर्जना हुन जान्छ।

नेपालमा कार्यान्वयनमा रहेका कानूनहरुमा विभिन्न ऐन तथा मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता तथा सजाय निर्धारण ऐन समेतका पाँचवटासंहिता समेत गरी करिब ३४३ वटा ऐन र ऐनको प्रत्यायोजित कानूनी व्यवस्था अन्तर्गत बनेका नियम, विनियम,गठन आदेश आदि कार्यान्वयनमा रहेका छन् भने प्रदेश तथा स्थानीय तहमा समेत धेरै कानूनको निर्माण भएको अवस्था छ। नेपालको संविधानको धारा ३०६ तथा कानून व्याख्या सम्बन्धी  ऐन, २०१० मा गरिएको कानूनको परिभाषा अन्तरगत तीनै तहले बनाएका सबै कानूनहरु पर्ने कुरा स्पष्ट छ। नागरिकका अधिकारको सिर्जना र नियमन गर्ने तथा समाजमा व्यवस्था कायम राख्न बनेका कानूनहरू एकापसमा सामान्जस्ययुक्त (Harmonious) र स्पष्ट हुन जरूरी हुन्छ। एउटै विषयमा एकैतहबाट एक भन्दा बढी कानून निर्माण गर्दा वा एकभन्दा बढी तहमा सोही विषयमा कानून निर्माण गर्दा कानूनको संगतिपूर्ण सम्बन्धलाई समेत बिचार गर्नु पर्ने हुन्छ।

साविकको मुलुकी ऐन, २०२० तथा वि.सं.२०७५ साल देखि कार्यान्वयनमा आएका विभिन्न संहिताहरूले नागरिकका आधारभूत विषय एवं समाजमा व्यवस्था कायम राख्न आवश्यक पर्ने मुलभूत विषयलाई समेटेको देखिन्छ। यी संहिताहरूमा रहेका कतिपय विषयहरूमा छुट्टै विशेष कानून रहेको वा ती विषयलाई विशेष कानूनमा समेत सम्बोधन गरिएको अवस्था छ। उदाहरणका लागि व्यक्तिगत घटना दर्तासँग सम्बन्धित विषय, प्रजनन स्वास्थ्यको विषय, खाद्य सुरक्षा, खोटासिक्का वा टकमरी, हुलाक टिकट , मानव बेचविखन जस्ता कार्यलाई कसूर कायम गर्ने लगायतका विषय संहिता तथा विशेष कानूनहरूमा समेत व्यवस्थित गरिएको छ।

प्रचलित कानूनमा एक आपसमा दोहोरिएका व्यवस्था (Overlapping Clause) को अध्ययन गरी त्यस्तो कानूनी व्यवस्थाको पहिचान गर्ने तथा ती कानूनी व्यवस्थाको कारण समाजमा परेको प्रभाव र नागरिकको हक अधिकारको प्रचलनमा रहेको जटिलताको अध्ययन हुन जरूरी देखिएको छ।

प्रस्तुत सन्दर्भमा के कस्ता कानूनी व्यवस्थाहरू सामान्य कानून र विशेष ऐन वा विषयगत ऐनहरूमा दोहोरिएका (Overlapping clause and Duplicat provision) छन् ? ती कानूनी व्यवस्थाको पहिचान गर्ने तथा एउटै विषय विविध निकायको क्षेत्रधिकार पर्ने गरी के कस्तो कानून निर्माण गरिएको छ? भन्ने सम्बन्धमा अध्ययन गरी दोहोरोपना रहेका कानूनी व्यवस्थाहरू पहिचान गरी कानून सुधारको लागि आवश्यक पहल गर्ने तर्फ यो अध्ययनलाई केन्द्रित गरिएको छ।

## १.२ अध्ययनको उद्देश्य

संहिताकृत गरिएका कानूनमा समेटिएका कतिपय विषयहरू विशेष ऐनबाट समेत व्यवस्थित गरिएको र कतिपय विषय एक भन्दा बढी विशेष ऐनमा समावेश गरिएको हुँदा उक्त कानूनी व्यवस्थाहरूका बीचमा रहेको दोहोरोपना (Overlapping) को सम्बन्धमा अध्ययन गर्ने तथा कानूनमा रहेको दोहोरोपनाको कारण कार्यान्वयनमा देखिएको अस्पष्टता पहिचान गरी कानूनको दोहोरोपना हटाई समृद्ध कानून निर्माणको लागि नेपाल सरकार र सम्बन्धित निकायलाई आवश्यक सुझाव दिनु यस अध्ययनको मूलभूत उद्देश्य रहेको छ। साथै यस अध्ययनको देहाय बमोजिमका उद्देश्य रहेका छन्:-

१. विभिन्न कानूनमा रहेका एकै प्रकृतिका प्रावधानहरू एक भन्दा बढी कानूनमा रहको सन्दर्भमा अध्ययन गरी त्यस्ता दोहोरो परेका व्यवस्था हरू पहिचान गर्ने।

२. एकै प्रकृतिका प्रावधानहरू हटाई सम्बन्धित कानून खारेजी गर्ने, परिमार्जन संशोधन वा एकीकरण गर्ने सम्बन्धमा अध्ययन गरी उपयुक्त सुझाव पेश गर्ने।

३. मुलुकी देवानी संहिता, २०७४ र देवानी विषयका सम्बन्धमा रहेका अन्य विषयगत कानून, मुलुकी अपराध संहिता, २०७४ र फौजदारी कसूर कायम गर्ने अन्य प्रचलित कानून र एक भन्दा बढी विशेष ऐनमा रहेका कानूनी व्यवस्थाको दोहोरोपना सम्बन्धी तुलनात्मक अध्ययन गरी दोहोरोपन हटाउने र एकरुपता कायम गर्न आवश्यक सुझाव दिने।

## १.३ अध्ययन विधि

प्रस्तुत अध्ययनमा मूलतः तुलनात्मक विधि (Comparative Method) अपनाई संकलन गरिएको सूचनालाई विश्लेषणात्मक विधि (Analytical Method ) को प्रयोग गरी तथ्यहरूको विश्लेषण गरिएको छ। अध्ययनको क्रममा विज्ञहरूसँग परामर्श तथा छलफल गरी अध्ययनलाई थप परिमार्जन तथा सुधार गरिएको छ। नेपालको संविधान, मुलुकी देवानी संहिता, मुलुकी अपराध संहिता तथा विशेष ऐन तथा सम्मानित सर्वोच्च अदालतको फैसलालाई प्रारम्भिक स्रोतको रूपमा र यस क्षेत्रमा प्रकाशन भएका सामग्रीलाई सहायक स्रोतको रूपमा प्रयोग गरिएको छ।

## १.४ अध्ययनको सीमा

प्रस्तुत अध्यायन मूलतः संसदबाट बनेका प्रचलित संघीय कानूनहरूबीच रहेको दोहोरोपनाको अध्ययनमा सीमित गरिएको छ। प्रचलित कानूनमा रहेको दोहोरोपनाको अध्ययन गर्ने प्रयोजनको लागि विशेष गरी मुलुकी देवानी संहिता र अन्य विषयगत देवानी कानून तथा सोका व्यवस्थाहरू बीचको दोहोरोपना, विभिन्न देवानी विषयसँग सम्वन्धित विषयगत कानूनका बीचमा रहेको दोहरोपना, मुलुकी अपराध संहितासँग अन्य फौजदारी कसूर कायम गर्ने कानून तथा सोको व्यवस्था र विषयगत कानूनका प्राबधानहरू बीचमा रहेको दोहोरोपनाको तुलनात्मक अध्ययन गर्ने प्रयास गरिएको छ।



नेपाल कानून आयोग

साथै विशेष ऐनहरूमा रहेका समान व्यवस्थालाई समेत यस अध्ययनमा समावेश गरिएको छ।

अध्ययनको समय सीमा तथा कार्यदिश समेतको आधारमा प्रदेश एवं स्थानीय तहबाट निर्मित कानूनलाई यस अध्ययनमा समेटिएको छैन।

## १.५ अध्ययन समितिको गठन र कार्यदिश

नेपाल कानून आयोगको आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्यक्रममा आयोगले विभिन्न कानूनको अध्ययन अनुसन्धान गर्ने वा गराउने सम्बन्धमा बजेट विनियोजन भएको छ। सोही शिर्षकमा रहेर आयोगले आवश्यक ठानेको कुनै विषयमा अध्ययन अनुसन्धान गरी अनुसन्धान प्रतिवेदन तयार गर्ने सम्बन्धमा मिति २०७९।५।२६ को सचिवस्तरीय निर्णय अनुसार विद्यमान कानूनमा रहेका दोहोरोपना अर्थात एउटै विषयका समान प्रकृतिका कानूनी व्यवस्थाको अध्ययन गरी सुझाव पेश गर्ने उद्देश्यले देहाय बमोजिमको अध्ययन कार्यदल गठन भएको छ।

### कार्यदल

अध्ययनलाई व्यवस्थित रूपमा सञ्चालन गर्न नेपाल कानून आयोगका सचिव संयोजक रहेको देहाय बमोजिमको अध्ययन समिति गठन गरिएको थियोः-

| | | |
|---|---|---|
| १. | सचिव, नेपाल कानून आयोग | संयोजक |
| २. | सह-सचिव (प्रशासन हेर्ने), नेपाल कानून आयोग | सदस्य |
| ३. | सह-सचिव (तर्जुमा हेर्ने), नेपाल कानून आयोग | सदस्य |
| ४. | प्रतिनिधि (उपसचिव स्तरको), कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| ५. | उपसचिव (प्रशासन हेर्ने), नेपाल कानून आयोग | सदस्य-सचिव । |

सो बमोजिम समितिमा देहायका व्यक्तिहरू रहनु भएको थियोः-

| | | |
|---|---|---|
| १. | श्री लीला देवी गडतौला (निरौला), सचिव, नेपाल कानून आयोग | संयोजक |
| २. | श्री पाराश्वर ढुङ्गाना, सह-सचिव (प्रशासन हेर्ने), नेपाल कानून आयोग | सदस्य |
| ३. | श्री भरतमणी रिजाल, सह-सचिव (तर्जुमा हेर्ने), नेपाल कानून आयोग | सदस्य |
| ४. | श्री लोकहरी वस्याल,(उपसचिव), कानून, न्याय तथा | |

नेपाल कानून आयोग

संसदीय मामिला मन्त्रालय सदस्य

५. श्री राजन नेपाल,उपसचिव, नेपाल कानून आयोग सदस्य-सचिव।

**अध्ययन समितिको कार्यदिश**

१. सम्बन्धित विषयमा नेपालमा विद्यमान कानूनी व्यवस्थाहरूको विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गर्ने,

२. सम्बन्धित विषयमा यस आयोगका अधिकृत कर्मचारी, सरोकारवाला तथा विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्ने,

३. समितिको संयोजक, सदस्य, सदस्य-सचिव तथा आमन्त्रित सदस्यहरूलाई तोकिए बमोजिमको बैठक भत्ता र खाजा उपलव्ध गराउने,

४. अन्य आवश्यक कार्य गर्ने ।

नेपाल कानून आयोग

## परिच्छेद-२

## कानूनमा दोहोरोपनाको कारण र त्यसको विश्लेषण

### २.१ कानूनमा दोहोरोपनाको कारण

नेपालको कानूनी प्रणालीमा संहितावद्ध एवं विशिष्टकृत कानून गरी दुबै कानूनको मिश्रित स्वरूप रहेको पाइन्छ। प्राचीन हिन्दु विधिशास्त्रमा आधारित नेपालको कानूनी प्रणाली समयक्रमसँगै परिमार्जित र विकसित हुँदै आएको छ। वि.सं. १९१० को मुलुकी ऐन जारी भएपश्चात आधुनिक संहितावद्ध कानूनी व्यवस्थाको शुरूवात हुनुको साथै नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने कानूनलाई मुलुकी ऐनमा र अन्य विषयहरू विशेष कानूनको रूपमा व्यवस्थित हुँदै आएको पाइन्छ। समयक्रमसँगै मुलुकी ऐनमा समावेश भएका विषयमा समेत नयाँ कानूनको निर्माण हुँदा एउटै विषय दुईवटा कानूनबाट नियमित हुने अवस्थाको सिर्जना भएको देखिन्छ। वि.सं. २०२० को मुलुकी ऐन कार्यान्वयनमा आएपछि सो मुलुकी ऐनमा जिउ मास्ने बेच्ने कार्यलाई कसूर कायम गरी सजायको व्यवस्था गरिएको थियो भने सोही विषयमा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ विशेष ऐन समेत जारी भयो। सो ऐनलाई खारेज गरी मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लागू भएपछि समेत मुलुकी ऐनको उक्त व्यवस्था कायम नै रहेको थियो।

संहितावद्ध कानूनको मूलभूत उद्देश्य आम नागरिकसँग सरोकार राख्ने तथा समाजमा व्यवस्था कायम राख्ने प्रकृतिका कानून नागरिकका लागि एउटै संगालोभित्र सहजै उपलब्ध हुन सकोस् र फरफरक विषयका लागि फरक कानूनहरू खोजी गर्नु नपरोस् भन्ने रहेको पाइन्छ। कुनै फरक प्रकृतिको विषयलाई भिन्न किसिमले सम्बोधन गर्न कानूनमा रहने सारभूत, कार्यविधिगत तथा दण्ड सजायका व्यवस्था सामान्य कानूनमा भन्दा फरक तरिकाबाट सम्बोधन गर्ने प्रयोजनको लागि विशेष कानूनको निर्माण गरिएको देखिन्छ। औपचारिक लिखित कानूनको प्रारम्भिककालमा नागरिक कानूनी प्रणाली (Civil Law System) अपनाउने मुलुकहरूमा संहिता कानून र सामान्य कानून प्रणाली (Common Law System) अपनाउने मुलुकहरूमा विषयगत वा विशिष्टिकृत कानूनलाई प्राथमिकता दिने गरे तापनि हाल संसारका धेरै मुलुकमा दुबै प्रकृतिका कानूनी अभ्यास रहेको देखिन्छ। दुबै प्रकृतिका कानूनी व्यवस्थाको अभ्यास भएका मुलुकहरूमा कानूनहरूको बीचको सामाञ्जस्यता (Harmonious Relation) लाई जोड दिएको देखिन्छ।

नेपाल कानून आयोग

नेपालको सन्दर्भमा पनि सो तथ्यलाई मनन गरी वि.सं. २०२० को मुलुकी ऐनको भाग-१ को प्रारम्भिक कथनको ४ नं. मा विषय विषयमा छुट्टा छुट्टै बनेका कानूनमा लेखिए जतिमा सोही कानून बमोजिम र सो कानूनमा नलेखिएको विषयमा मुलुकी ऐन बमोजिम हुने व्यवस्था गरी कानूनको प्रयोगमा आउनसक्ने द्विविधा (Dilema) को अवस्थाबाट मुक्त गरिएको थियो। मुलुकी ऐन २०२० लाई प्रतिस्थापन गरी कार्यान्वयनमा आएको मुलुकी देवानी संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४ र सम्बन्धित कार्यविधि संहितामा समेत सोही व्यवस्थालाई निरन्तरता दिइएको छ।

मुलुकी संहितामा सामान्य कानून लागू हुने सिद्धान्तका सीमालाई अझ स्पष्ट रूपमा अंगिकार गरिएको छ। मुलुकी देवानी संहिता, २०७४ को दफा ३ मा यस संहिताले नियमित गरेका विषयमा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएको रहेछ भने त्यस्तो विषयमा यस संहिताको व्यवस्थाले कुनै असर नपार्ने, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३ मा छुट्टा छुट्टै बनेका कानूनमा लेखिएका कार्यविधिको सम्बन्धमा सोही कानून बमोजिम हुने व्यवस्था गरी देवानी विषय र देवानी कार्यविधिको सम्बन्धमा आउन सक्ने दोहोरोपना र कानूनको द्विविधाको अवस्था (overlapping clause and Legal dilemma) लाई सम्बोधन गर्न खोजिएको छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा ५ मा कुनै खास कामलाई कुनै विशेष ऐनद्वारा छुट्टै कसूर मानी सजाय गर्ने व्यवस्था भएको रहेछ भने त्यस्तो कसूरका सम्बन्धमा सोही ऐन लागू हुने र मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३ मा कुनै कसूरको अनुसन्धान, अभियोजन, मुद्दा हेर्ने अधिकारक्षेत्र, सुनुवाई, फैसला कार्यान्वयन वा अन्य कुनै कारबाहीका सम्बन्धमा छुट्टै ऐनमा व्यवस्था गरिएको रहेछ भने त्यस्तो विषयमा सोही बमोजिम हुने कुरालाई कार्यविधि संहितामा व्यवस्थित गरिएको छ। प्रस्तुत व्यवस्थाले संहितामा गरिएको व्यवस्था र विशेष कानूनमा रहेको व्यवस्था समान प्रकृतिको भएमा कुन कानून लागू हुने भन्ने कुराको सम्बन्धमा स्पष्ट गरेको छ। तथापि विशेष ऐनमा भन्दा सामान्य कानूनमा कैद सजाय बढी भएमा वा अधिकारको दायरा फरिकलो भएमा कुन कानून अन्तर्गत कारवाही गर्ने भन्ने विषय जटिलता आउने देखिन्छ।

उदाहरणको लागि बालबालिकाको जन्मदर्ता गराउने सम्बन्धमा मुलुकी देवानी संहिताको दफा ११३ को उपदफा (१) मा रहेको व्यवस्था र राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ को दफा १८ मा गरिएको व्यवस्थाको उद्देश्य र प्रयोजन एउटै भए तापनि

नेपाल कानून आयोग

कानूनी व्यवस्था फरक देखिन्छ। दुबै कानूनमा जन्म दर्ता कति अवधिमा र कसले गराउन सक्ने भन्ने सन्दर्भमा फरक व्यवस्था देखिन्छ। देवानी संहितामा जन्मदर्ता तीन महिना भित्र गर्न सकिने[1] व्यवस्था छ भने राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ मा पैंतीस दिनभित्र गर्नु[2] पर्ने व्यवस्था गरिएको छ। बालबालिकाको जन्म दर्ता गराउने सम्बन्धमा पनि देवानी संहितामा बाबु आमाले निवेदन दिनु पर्ने व्यवस्था रहेको छ भने राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐनमा बाबु वा आमाले र निजहरूको अनुपस्थितिमा परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले समेत दिन सक्ने व्यवस्था गरिएको छ। त्यस्तै व्यक्तिगत घटना दर्ताको सम्वन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (च) को उपखण्ड (३) मा जन्म, मृत्यु, बिबाह, सम्बन्ध बिच्छेद, बसाईं सराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जिकरण व्यवस्थापन गर्ने अधिकार गाउँपालिका तथा नगरपालिकालाई प्रदान गरिएको देखिन्छ। यसरी एउटै विषयलाई तीन वटा कानूनमा व्यवस्थित गरिएको अवस्था छ।

बालबालिकाको नाम पछाडि राखिने थर आमाको वा बाबु कसको कायम गर्ने भन्ने सम्बन्धमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ र मुलुकी देवानी संहिता, २०७४ को दफा १११ को उपदफा (३) मा गरिएको व्यवस्था समान प्रकृतिको देखिन्छ। दुबै कानूनमा बालबालिका जन्मेपछि प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने, बालबालिका जन्मेपछि निजको बाबु आमाको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि राखिने व्यवस्था गरिएको छ।

---

1. मुलुकी देवानी संहिता, २०७४ को दफा ११३ को उपदफा(१) "(१) कुनै दम्पतिको कुनै छोरा, छोरी जन्मिएमा कानून बमोजिम तोकिएको अधिकारी समक्ष त्यस्तो छोरा, छोरी जन्मिएको तीन महिनाभित्र जन्म दर्ताको लागि आमा वा बाबुले निवेदन दिनु पर्नेछ।"

2. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ को दफा १८ को उपदफा (१) "देहायको अवस्थामा देहायका व्यक्तिले व्यक्तिगत घटना दर्ता गराउनको लागि त्यस्तो घटना घटेको पैंतीस दिनभित्र तोकिए बमोजिमको फाराम भरी स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा सूचना गर्नु पर्नेछः- (क) जन्मको सूचना बाबु वा आमाले र निजहरुको अनुपस्थितिमा परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले, (ख) मृत्युको सूचना बाबु, आमा, पति, पत्नी, छोरा वा छोरीले र निजहरुको अनुपस्थितिमा परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले, (ग) विवाहको सूचना पति पत्नी दुवैले, (घ) सम्बन्ध विच्छेदको सूचना सम्बन्ध विच्छेद भएका सम्बन्धित व्यक्तिमध्ये कुनै एकले, (ङ) बसाइँ सराइको सूचना परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले"।

यसरी एउटै बिषयवस्तु वा समान प्रकृतिको व्यवस्था भिन्न कानूनमा गरिंदा एकातिर राज्यको स्रोत साधन तथा लगानीको सहि उपयोग हुन नसक्ने देखिन्छ भने अर्को तर्फ आम नागरिक र कानून कार्यान्वयन गर्ने निकाय वा व्यक्तिलाई समेत अन्योलताको अवस्था सिर्जना हुन जान्छ। साथै कतिपय अवस्थामा त्यही अन्यौलताको फाइदा उठाई कानूनको गलत व्याख्या वा प्रयोग हुने (manipulation or misleading of law) र व्यक्तिगत स्वार्थ पूरा गर्ने अवस्था रहन सक्छ।

उक्त कुरालाई मनन गरी यस अध्ययनमा नेपालमा सामान्य कानूनको रूपमा रहेका मुलुकी देवानी संहिता, २०७४ र मुलुकी अपराध संहिता, २०७४ का कानूनी व्यवस्था र विशेष ऐन वा विषयगत ऐनहरूमा रहेका के कस्ता व्यवस्थाहरू एक आपसमा दोहोरिएका छन् ? पहिचान गर्ने, त्यसरी दोहोरिएको कानूनी व्यवस्थाको कारण देखा पर्न सक्ने अन्यौलताका विषयलाई समेट्ने प्रयत्न गरिएको छ।

## २.२ अध्ययनको उद्देश्यः

*नेपाल कानून आयोग ऐन, २०६३* को दफा १० ले नेपाल कानून आयोगलाई प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने वा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने; हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरूद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने; नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित कामहरू गर्ने कार्यक्षेत्र तोकिदिएको छ। उक्त ऐनले नेपाल कानून आयोगलाई कानून र न्यायका क्षेत्रमा अध्ययन र अनुसन्धान गर्ने गहन कार्यभार समेत तोकेको छ। उक्त कार्यभार र जिम्मेवारीलाई वहन गर्न नेपाल कानून आयोगले विभिन्न अध्ययन र अनुसन्धान गर्ने गर्नुका साथै विभिन्न विधेयकको मस्यौदा तयार गरी नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरूलाई उपलब्ध गराउँदै आएको छ। प्रस्तुत सन्दर्भमा कानूनमा रहेका दोहोरो प्रावधान वा व्यवस्थाको पहिचान गर्ने ती व्यवस्थाले सिर्जना गरेका अन्यौलता र जटिलताको पहिचान गरी सुधारको लागि सुझाव दिने यस अध्ययनको वस्तुगत आधार तय गरिएको छ।

यस अध्ययनबाट देहायका विषयमा नेपाल सरकार तथा आम नागरिकलाई समेत फाइदा पुग्ने अपेक्षा गरिएको छः-

- दोहोरो कानूनी व्यवस्थाको जानकारी लिन सहज हुने।
- कानूनी व्यवस्थामा एकरूपता कायम गर्न मद्दत पुग्ने।
- दोहोरोपनाका कारण हुने द्विविधाको अन्त्य हुने।
- विभिन्न कानूनमा रहेका प्रावधानको तुलनात्मक अध्ययन गर्न सहज हुने।
- मुलुकी देवानी संहिता, २०७४ तथा  मुलुकी अपराध संहिता, २०७४ मा उल्लेखित प्रावधान र विषयगत रूपमा रहेका विशेष कानूनमा उल्लेखित प्रावधानको बारेमा जानकारी लिन सहज हुने।
- दोहोरो कानूनी व्यवस्थालाई देखाई कानून छल्ने वा उल्लङ्घन गर्ने कार्यलाई रोक्न सहज हुने।

नेपाल कानून आयोग

## परिच्छेद- ३

## दोहोरिएका कानूनी व्यवस्थाहरू

यस परिच्छेदमा विभिन्न प्रचलित कानूनमा दोहोरिएका व्यवस्थाहरूको तुलनात्मक विश्लेषण गर्ने प्रयत्न गरिएको छ। यसरी विश्ललेषण गर्दा मुलुकी देवानी संहिता, २०७४ र अन्य देवानी कानून, मुलुकी अपराध संहिता, २०७४ र अन्य फौजदारी कसूर कायम गर्ने कानून तथा दुई वा दुई भन्दा बढी विशेष ऐनहरूका बीचमा देखिएको दोहोरोपनाको सम्बन्धमा छुट्टा छुट्टै विश्लेषण गरिएको छ। दोहोरो परेका कानूनी व्यवस्थाको विस्तृत विवरण अनुसूचीमा दिइएकोले यस परिच्छेदमा कानूनको बर्णनात्मक सन्दर्भमात्र उल्लेख गरिएको छ।

### ३.१ मुलुकी देवानी संहिता, २०७४ र अन्य देवानी कानून

#### ३.१.१ गोपनीयताको अधिकार

नेपालको संविधानको धारा २८ मा व्यवस्था भए बमोजिम गोपनीयताको हकको कार्यान्वयन गर्ने सम्बन्धमा प्रचलित विभिन्न कानूनमा गोपनीयताको अधिकारको सम्बन्धमा व्यवस्था गरेको देखिन्छ।यस सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४ वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ र बालबालिका सम्बन्धी ऐन, २०७५ लगायतका ऐनहरूमा व्यवस्था गरेको देखिन्छ। गोपनीयता सम्बन्धी व्यवस्था फरकफरक कानूनमा केही हदसम्म फरक सन्दर्भमा प्रयोग गरिएको भए तापनि एउटै कानूनमा सबै कुरालाई सम्बोधन नगरी फरक फरक कानूनमा गरिएको व्यवस्थाको विश्लेषण गरिएको छ।

मुलुकी देवानी संहिता, २०७४ को दफा २१ मा गोपनीयताको अधिकारलाई देवानी दायित्वको रूपमा व्यवस्थित गरी गोपनीयता सम्बन्धी विविध अधिकारहरूमध्ये आवासको गोपनीयतालाई पनि समेटिएको छ। उक्त अधिकार उन्लङ्घन हुन पुगेमा दफा २६ अन्तर्गत उच्च अदालत वा जिल्ला अदालतमा उजुरी दिन सकिने व्यवस्था गरिएको देखिन्छ।वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा ७ मा प्रत्येक व्यक्तिलाई निजको आवासको गोपनीयताको अधिकार हुने, खानतलासी लिन अधिकार प्राप्त अधिकारी वा निजको आदेश बमोजिम बाहेक कुनै पनि व्यक्तिको आवासमा प्रवेश गर्न, गराउन वा खानतलासी लिन वा लिन लगाउन नपाइने, त्यस विपरीत खानतलासी गरेमा दफा २९ बमोजिम तीन बर्षसम्म कैद र तीसहजार रूपैयासम्म जरिवाना हुने व्यवस्था गरेको

नेपाल कानून आयोग

देखिन्छ। त्यसैगरी सोही ऐनको दफा ८ मा कसैको आवासमा खानतलासी गर्नु पर्ने भएमा त्यसरी आवासमा प्रवेश गर्नु पर्ने प्रयोजन खुल्नेगरी निजलाई लिखित सूचना दिनु पर्ने व्यवस्था रहेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा (१) मा प्रत्येक बालबालिकालाई निजको आवास सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुने व्यवस्था गरी त्यस्तो अधिकारको उल्लङ्घन भएको अवस्थामा सोही ऐनको दफा ७२ को उपदफा (१) मा कुनै व्यक्ति, संस्था वा निकायले परिच्छेद-२ मा उल्लिखित बालबालिकाको अधिकार उल्लङ्घन गरेमा त्यस्तो व्यक्ति वा संस्था वा निकायको प्रमुखलाई पचासहजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था गरिएको छ। यसरी हेर्दा तीन वटै कानूनमा आवासको अधिकारको संरक्षण गर्ने सम्बन्धमा फरक फरक उपचारको व्यवस्था गरिएको देखिन्छ।

### ३.१.२ जन्मदर्ता

मुलुकी देवानी संहिता, २०७४ को दफा ११३ मा कुनै दम्पतिको छोरा छोरीको जन्म भएको तीन महिनाभित्र जन्म दर्ताको लागि तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्ने व्यवस्था रहेको छ भने राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ को दफा १८ मा जन्मदर्ता ३५ दिन भित्र गर्नु पर्ने र बालबालिका सम्बन्धी ऐनले दर्ताको समयावधि नतोकी छोरा छोरीको नाम राखी जन्म दर्ता गराउनु पर्ने व्यवस्था गरेको छ। मुलुकी देवानी संहिता, २०७४ मा दम्पतीले बच्चा जन्मिएको तीन महिनाभित्र दर्ता गर्नु पर्ने व्यवस्था गरेकोमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ ले ३५ दिनभित्र गर्नु पर्ने अवधि किटान गरी बाबुआमा नभएमा एकाघरको परिवारको सदस्यले बच्चाको जन्मदर्ता गर्न सक्ने व्यवस्था गरेको छ। त्यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ मा बालबालिका जन्मेपछि निजको बाबु वा आमाले बालबालिकाको नाम राखी कानून बमोजिम जन्म दर्ता गर्नु पर्नेछ भन्ने व्यवस्था गरी कति अवधिभित्र दर्ता गर्नु पर्ने भन्ने विषय विशेष कानूनमा व्यवस्थित हुने गरी छोडिएको देखिन्छ।

### ३.१.३ जग्गा प्राप्ति वा अधिग्रहण र क्षतिपूर्ति

सार्वजनिक हितको लागि व्यक्तिको अचल सम्पत्ति प्राप्त गर्ने सम्बन्धमा विभिन्न कानूनमा व्यवस्था गरेको देखिन्छ। नेपालको संविधानको धारा २५ को उपधारा (२) मा "सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन। तर कुनै

नेपाल कानून आयोग

पनि व्यक्तिले गैरकानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन" भन्ने व्यवस्था गरेको देखिन्छ। सोही धाराको उपधारा (३) मा "सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐन बमोजिम हुनेछ" व्यवस्था गरेको छ। सार्वजनिक हितको लागि जग्गा प्राप्ति र सोको क्षतिपूर्ति निर्धारण गर्ने सम्बन्धमा विभिन्न कानूनमा व्यवस्था गरिएको देखिन्छ। सो सम्बन्धमा व्यवस्था गर्ने ऐनहरूमा अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३, क्षतिपूर्ति ऐन, २०१९ र जग्गा प्राप्ति ऐन, २०३४ कार्यान्वयनमा रहेका छन्। अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ को दफा ३ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई अचल सम्पत्ति आवश्यकता परेको वा पर्ने सम्भावना छ र त्यसलाई अधिग्रहण गर्नु पर्ने भन्ने नेपाल सरकारलाई लागेमा ३५ दिन भित्र अधिग्रहण गर्नु नपर्ने कारण भए पेश गर्नु भनी धनीको नाममा सूचना प्रकाशन गर्नु पर्ने र सो सूचना प्रकाशन भएपछि नेपाल सरकारको स्वीकृति विना वेच्न नपाउने[3], अधिग्रहण गरिएको सम्पत्ति नेपाल सरकारको हुने[4] अधिग्रहण गरिएको सम्पत्तिको नेपाल सरकारले क्षतिपूर्ति दिने[5]

---

[3] अचल सम्पत्ति अचल सम्पत्ति अधीग्रहण ऐन, २०१३ को दफा ३ को उपदफा (१) मा देहायको व्यवस्था रहेको छः-

"कुनै सार्वजनिक कामको निमित्त नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लागि कुनै अचल सम्पत्तिको आवश्यकता परेको छ वा पर्ने संभावना छ र त्यसलाई अधिग्रहण गर्नु पर्दछ भन्ने लागेमा नेपाल सरकारले,– (क) सम्पत्तिको धनी वा त्यसलाई चलन गर्ने अरु कुनै व्यक्तिले सो सम्पत्ति नेपाल सरकारबाट अधिग्रहण गर्न नहुने कारण भएमा कारण समेत खोली सूचना पाएको ३५ दिनभित्र भएको बेहोरा नेपाल सरकारमा पेश गर्न आउनू भनी सो सम्पत्ति धनी वा त्यसलाई चलन गर्ने अरु कुनै व्यक्तिका नाउँमा लिखित सूचना दिनु पर्दछ, र (ख) आदेशद्वारा सम्पत्तिको धनी वा अरु कुनै व्यक्तिले सो आदेश पाएका मितिले ३५ दिन नपुगी नेपाल सरकारको स्वीकृति बिना सो सम्पत्ति बेच्न, त्यसको आकारमा हेरफेर गर्न वा कुनै मोहीलाई बहालमा दिन समेत हुँदैन भनी निर्देश गर्न सक्तछ।"

[4] अचल सम्पत्ति अचल सम्पत्ति अधीग्रहण ऐन, २०१३ को दफा ४ को (१) दफा ३ अन्तर्गत कुनै सम्पत्ति अधिग्रहण गरिएमा त्यसको धनी वा त्यसलाई चलन गर्ने अरु कुनै व्यक्तिले सूचना पाएका मितिले १५ दिनभित्र सूचनामा तोकिएका अधिकृतलाई सो सम्पत्ति सुम्पीदिनु वा छोडीदिनु भनी त्यस्तो सम्पत्ति धनी वा त्यसलाई चलन गर्ने व्यक्तिका नाउँमा नेपाल सरकारले लिखित सूचनाको रुपमा आदेश निकाल्न सक्छ । (२) कुनै व्यक्तिले उपदफा (१) अन्तर्गत निकालिएको कुनै आदेश पालन गर्न इन्कार गरेमा वा त्यसको उल्लङ्घन गरेमा सो सम्बन्धमा अधिकार पाएका अधिकृतले सम्पत्ति कब्जा गर्न र गराउन आवश्यक बल प्रयोग समेत गर्न सक्तछ ।

[5] अचल सम्पत्ति अचल सम्पत्ति अधीग्रहण ऐन, २०१३ को दफा ७ मा यस ऐन अन्तर्गत कुनै सम्पत्ति अधिग्रहण गरिएमा नेपाल सरकारले क्षतिपूर्ति दिनेछ र दफा ८ मा तोकिएको सिद्धान्त अनुसार सो क्षतिपूर्तिको मूल्याङ्कन गरिनेछ ।तर धनीले नेपालको नागरिक रही नेपाल राज्य बाहिर साधारणतः बसोबास गर्ने गरेको छ वा आफ्ना चल सम्पत्तिको अधिकांश भाग नेपाल राज्य बाहिर लगाएको छ भन्ने नेपाल सरकारको चित्तमा लागेमा वा विचार भएमा त्यस्ता धनीलाई कुनै क्षतिपूर्ति दिइने छैन ।

क्षतिपूर्तिको निर्धारण निश्चित सिद्धान्तको आधारमा हुने व्यवस्था रहेको छ। तर अचल सम्पत्तिको धनीले नेपालको नागरिक रही नेपाल राज्यबाहिर साधारणतः बसोबास गर्ने गरेको छ वा आफनो चल सम्पत्तिको अधिकांश भाग नेपाल राज्य बाहिर लगाएको छ भन्ने नेपाल सरकारको चित्तमा लागेमा वा बिचार भएमा त्यस्ता धनीलाई कुनै क्षतिपूर्ति नदिइने व्यवस्था छ। सोही ऐनको दफा ८ मा मञ्जुरीनामामा रकम किटान नभएमा नेपाल सरकारले बहालबाला वा अवकाश प्राप्त कुनै न्यायाधीशलाई मध्यस्थ नियुक्त गर्ने र सो मध्यस्थको निणर्य अनुसार क्षतिपूर्ति दिइने व्यवस्था गरिएको छ।

क्षतिपूर्ति ऐन, २०१९ को दफा ३ मा सार्वजनिक हितको लागि कुनै सम्पत्ति प्राप्त गर्न आवश्यक सम्झेमा नेपाल सरकारले सो सम्पत्ति प्राप्त गर्न सक्ने र सो सम्पत्तिको क्षतिपूर्तिको अङ्क नेपाल सरकारबाट तोकिएको अधिकारीले निर्धारण गर्न सक्ने व्यवस्था छ। त्यसरी निर्धारण गरिएको क्षतिपूर्तिको अङ्कमा चित्त नबुझ्ने व्यक्तिले सो निर्धारणको सूचना पाएको मितिले ३५ दिनभित्र नेपाल सरकारमा उजूर गर्न सक्ने र नेपाल सरकारबाट भएको निर्णय अन्तिम हुने व्यवस्था छ।

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐन बमोजिमको मुआब्जा दिने गरी जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ।

अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ र क्षतिपूर्ति ऐन, २०१९ ले सार्वजनिक हितको प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई आवश्यक भएमा जग्गा अधिग्रहण गर्न सक्ने व्यवस्था गरेको छ। अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ को दफा ८ को उपदफा (२)मा सो ऐन बमोजिम अधिग्रहण गरिएको सम्पत्ति फुकुवा गर्न सकिने कुनै आवधिको लागि समेत अधिग्रहण गर्न सकिने व्यवस्था देखिन्छ। जग्गा प्राप्ति ऐन, २०३४ दफा ३ मा कुनै सार्वजनिक कामको लागि र दफा ४ मा कुनै संस्था[6] समेतको लागि जग्गा प्राप्त गर्न सकिने व्यवस्था गरेको छ।

### ३.१.४ कार्यसमय तथा ज्याला

मुलुकी देवानी संहिता, २०७४ को दफा ६४३ मा कसैले कुनै व्यक्तिलाई काममा लगाउदा सामान्यतः एक दिनमा आठ घण्टाभन्दा बढी अवधिको लागि काम लगाउन

सकिने छैन भन्ने व्यवस्था छ भने श्रम ऐन २०७४ को दफा २८ मा रोजगारदाताले श्रमिकलाई प्रतिदिन आठ घण्टा र एक हप्तामा अठ्चालीस घण्टाभन्दा बढी समय हुने गरी काममा लगाउन नपाइने व्यवस्था गरेको छ। दुबै कानूनमा श्रमिकहरूको कार्यसमयको सम्बन्धमा एकरूपतापूर्ण व्यवस्था गरेको देखिन्छ। त्यसैगरी देवानी संहिता, २०७४ को दफा ६४६ ले काम लगाउनेले काममा लगाए बापत काम गर्ने व्यक्तिलाई भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ भने श्रम ऐन २०७४ को दफा ३५ ले रोजगारदाताले श्रमिकलाई पारिश्रमिक भुक्तानी गर्दा रोजगार सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा रोजगारदाताले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरेको देखिन्छ। देवानी संहिता, २०७४ ले जुनसुकै तरिकाले वा अवस्थामा काममा लगाएपनि काममा लगाएपछि पारिश्रमिक दिनु पर्ने व्यवस्था गरेको देखिन्छ।

### ३.१.५ काममा लगाउने उमेर

मुलुकी देवानी संहिता, २०७४ को दफा ६४० मा कम्तीमा १४ वर्ष उमेर पुगेको कुनै व्यक्तिलाई निजको मञ्जुरी लिई काममा लगाउन सकिने तर १६ वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन नसकिने व्यवस्था रहेको छ। त्यसै गरी बालश्रम (निषेध र नियमित) गर्न ऐन २०७४ को दफा ३ को उपदफा (१) मा कसैले पनि १४ वर्ष उमेर पूरा नगरेको बालकलाई श्रमिकको रूपमा काममा लगाउनु हुँदैन र जोखिम पूर्ण काममा लगाउनु हुँदैन भन्ने व्यवस्था छ। त्यसै गरी बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ को उपदफा (९) मा चौध वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रूपमा राख्नु हुँदैन भन्ने उल्लेख छ। यसरी हेर्दा मुलुकी देवानी संहिता, २०७४ ले १६ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको देखिन्छ भने अन्य दुई विशेष कानूनले १४ वर्षको हद राखेको देखिन्छ जुन बालअधिकारको दृष्टिकोणबाट देवानी संहिता, २०७४ अझ बढी बालबालिका प्रति संवेदनशिल देखिन्छ।

### ३.१.६ कार्यवातावरण

मुलुकी देवानी संहिता, २०७४ को दफा ६४२ अनुसार कसैले कुनै व्यक्तिलाई काममा लगाउँदा त्यस्तो कामको प्रकृति अनुसार काम गर्दा हुन सक्ने जोखिम वा खतरा निवारणका पर्याप्त सुरक्षात्मक उपायहरूको व्यवस्था गरेरमात्र काममा लगाउनु पर्नेछ भन्ने व्यवस्था छ। त्यसै गरी श्रम ऐन, २०७४ को दफा ६९ को उपदफा (१) को

नेपाल कानून आयोग

उपखण्ड (क) मा श्रमिकलाई आवश्यकता अनुसार सुरक्षा र स्वास्थ्य सम्बन्धी आवश्यक सूचना, जानकारी र तालिम प्रदान गर्नु, रोजगारदाताको श्रमिक प्रतिको कर्तव्य हुने व्यवस्था गरिएको छ।

### ३.१.७ शरीरको अङ्ग दान

मुलुकी देवानी संहिता, २०७४ को दफा ३८ मा कुनै पनि व्यक्तिले आफ्नो मृत्युपछि आफ्नो शव, शरीरको कुनै अङ्ग वा त्यसको कुनै अंश खास कामको लागि प्रयोग गर्न वा गराउन कसैलाई दान दिने गरी लिखित रूपमा इच्छा व्यक्त गर्न सक्ने व्यवस्था छ। त्यसै गरी मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन २०५५ को दफा १४क. मा बिरामीको नजिकको नातेदार एवं दुई वा दुईभन्दा बढी परिवारका कुनै सदस्यलाई बहु प्रत्यारोपण गर्नुपर्ने अवस्थामा त्यस्ता परिवारका आफ्नो नजिकको नातेदारको अङ्ग नमिली प्रत्यारोपण हुन नसक्ने अवस्था भएमा र त्यसरी प्रत्यारोपण गर्न खोजिएको अर्को परिवारको सदस्यसँग मिल्ने भएमा आपसी सहमतिको आधारमा लिखित रूपमा एक अर्काको परिवारको सदस्यले अङ्ग दान दिन सक्ने व्यवस्था छ। यसरी केही व्यवस्था दुबै कानूनमा समान र केही व्यवस्था भिन्न रहेको देखिन्छ।

### ३.१.८ सामान्य कानूनको प्रयोगमा भेदभाव नगरिने

मुलुकी देवानी संहिता, २०७४ को दफा १८ मा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था छ। त्यसैगरी जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ३ मा कसैले पनि जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव गर्न वा गराउन नहुने तथा जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव गर्ने कार्य गर्न कुनै प्रकारको मद्दत गर्न, दुरूत्साहन गर्न, उक्साउन वा त्यस्तो कार्यको उद्योग गर्न हुँदैन भन्ने व्यवस्था छ।

### ३.१.९ बालबालिकाको पालन पोषण

मुलुकी देवानी संहिता, २०७४ को दफा १२७ मा आमा बाबुले आफ्नो छोराछोरीको पालनपोषण, शिक्षा तथा दीक्षा, खेलकुद, स्वास्थ्योपचार, मनोरञ्जन, सुविधा वा घरेलु कामकाजमा छोरा वा छोरीको आधारमा वा छोरा वा छोरी बीच कुनै किसिमले भेदभाव

गर्न नहुने व्यवस्था गरेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५ मा कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा छोरा छोरी, छोरा, छोरा वा छोरी छोरी वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेको छोरा छोरीका बीच कुनै भेदभाव गर्नु नहुने तथा आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न नहुने व्यवस्था उल्लेख गरेको छ। संहिता र बालबालिका सम्बन्धी ऐनमा गरिएको व्यवस्था तुलनात्मक अध्ययन गर्दा बालबालिका सम्बन्धी ऐनमा बालबालिकाको परिभाषा विस्तृत देखिन्छ।

### ३.१.१० त्रुटिपूर्ण उत्पादनको जिम्मेवारी

मुलुकी देवानी संहिता, २०७४ को दफा ६८५ मा कसैले त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्री, बितरण गर्न, गराउन नहुने र कसैले त्यसरी बिक्री वा वितरण गरी त्यस्तो वस्तुको उपभोग गर्दा कसैको जिउ, ज्यान वा सम्पत्ति उपर हानि, नोक्सानी भएमा त्यस बापत उत्पादकले दायित्व व्यहोर्नु पर्नेछ भन्ने उल्लेख छ। त्यसैगरी उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ७ मा उत्पादकले वस्तु वा सेवा उत्पादन गर्दा प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त गुणस्तरीय वस्तु वा सेवा उत्पादन गर्ने, त्रुटिपूर्ण उत्पादन नगर्ने, वस्तु वा सेवाको उत्पादनका कारण उपभोक्तालाई कुनै किसिमको क्षति भएमा सो को मनासिब क्षतिपूर्ति दिने दायित्व पूरा गर्नु पर्नेछ भन्ने उल्लेख छ।

### ३.१.११ बच्चाको बाबु आमासँगको सम्बन्ध स्थापित गर्ने अवधि

मुलुकी देवानी संहिता, २०७४ को दफा १०६ मा अन्यथा प्रमाणित भएकोमा बाहेक विवाह भएको मितिबाट एकसय असी दिन पछि जन्मिएको र पतिको मृत्यु भएको वा बैबाहिक सम्बन्ध अन्त्य भएको मितिबाट दुइसय बहत्तर दिनभित्र जन्मिएको शिशु विवाहित पतिवाट जन्मिएको अनुमान गरिने व्यवस्था छ। प्रमाण ऐन, २०३१ को दफा ६ मा अन्यथा प्रमाणित भएकोमा बाहेक विवाह भएको मितिबाट एकसय असी दिनपछि जन्मिएको र पतिको मृत्यु भएको वा बैबाहिक सम्बन्ध अन्त्य भएको मितिबाट दुइसय बहत्तर दिनभित्र जन्मिएको शिशु बिबाहित पतिवाट जन्मिएको भनेर अदालतले अनुमान गर्नेछ भन्ने व्यवस्था गरेको छ। दुबै ऐनमा समान व्यवस्था गरेको देखिन्छ।

नेपाल कानून आयोग

### ३.१.१२ तीन पुस्ता खुलाउने

मुलुकी देवानी संहिता, २०७४ को दफा ११२ को उपदफा (१) मा कुनै औपचारिक कार्य, कानूनी काम कारबाही वा लिखतमा कानून बमोजिम आमा, बाबु तथा बाजे, बजैको नाम खुलाउनु पर्ने रहेछ भने त्यस्तो अवस्थामा कुनै पनि व्यक्तिले आफ्नो आमा, बाबु तथा बाजे, बजैको नाम उल्लेख गर्न सक्ने व्यवस्था छ। त्यसै गरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ को उपदफा (११) मा कुनै औपचारिक कानूनी काम कारबाही वा लिखतमा कानून बमोजिम बाबु, आमा तथा बाजे, बजैको नाम उल्लेख गर्नु पर्ने भएमा त्यस्ता बालबालिकाको बाबु पत्ता नलागेको अवस्थामा निजले आमा र आमाको बाबु वा आमाको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरे हुने व्यवस्था छ।

### ३.१.१३ गर्भपतनको अधिकार

मुलुकी अपराध संहिता, २०७४ को दफा १८९ तोकिएको चार वटा अवस्थामा गर्भवती महिलाको मञ्जुरीमा स्वास्थ्यकर्मीले गर्भपतन गराउन सकिने गरी छुट प्रदान गरेको देखिन्छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १५ मा उल्लेखित पाँचवटा अवस्थामा महिलाले गर्भपतन गर्न पाउने गरी अधिकारको रूपमा स्थापित गरेको छ। त्यसैगरी महिलाको मन्जुरीमा बाह्र हप्तासम्मको गर्भपतन गर्न सक्ने व्यवस्था दुबै कानूनमा रहेको भए तापनि सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १५ मा उल्लिखित अन्य अवस्थामा अठ्ठाइस हप्ताभित्र गर्भपतन गर्न सक्ने व्यवस्था गरेको छ। तर मुलुकी अपराध संहिता, २०७४ ले गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन सक्ने र रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले जहिलेसुकै गर्भपतन गर्न सक्ने[7] गरी सुरक्षित मातृत्व सम्बन्धी ऐन

---

[7] मुलुकी अपराध सहिंता, २०७४ को दफा १८९ “दफा १८८ मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्यकर्मीले देहायको अवस्थामा गर्भपतन गराएकोमा यस संहिता अन्तर्गतको कसूर भए गरेको मानिने छैनः–(क) गर्भवती महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भपतन गराएकोमा, (ख) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा, (ग) जवर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा, (घ) रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा

भन्दा फरक रहेको छ। तर जवर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भको हकमा संहिताले अठार हप्तासम्मको गर्भपतन गर्न सक्ने व्यवस्था गरेको छ भने सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १५ ले अट्ठाइस हप्ताको व्यवस्था गरिएको देखिन्छ। दुबै कानूनमा रहेको व्यवस्थालाई देहायको तालिकामा उल्लेख गरिएको छ।

| **गर्भको अवस्था** | **मुलुकी अपराध संहिता, २०७४** | **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५** |
|---|---|---|
| जुनसुकै कारणले रहेको गर्भको हकमा गर्भवती महिलाको मञ्जुरीले | बाह्र हप्तासम्म | बाह्र हप्तासम्म |
| गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भन्ने चिकित्सकको रायको आधारमा | जुहिलेसुकै | अट्ठाइस हप्ता |
| जवर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ | अठार हप्ता | अट्ठाइस हप्ता |
| रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले | जहिलेसुकै | अट्ठाइस हप्ता |
| भ्रुणमा कमीकमजोरी भएको कारणले | X | अट्ठाइस हप्तासम्मको |

नेपाल कानून आयोग

भएकी महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा। स्पष्टीकरण:यस दफाको प्रयोजनको लागि "स्वास्थ्यकर्मी" भन्नाले निर्धारित योग्यता पुगी गर्भपतन गराउन इजाजत प्राप्त गरेको चिकित्सक वा स्वास्थ्यकर्मी सम्झनु पर्छ।"

| | | |
|---|---|---|
| गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रुणमा खराबी रहेको, वंशाणुगत (जेनेटिक) खराबी वा अन्य कुनै कारणले भ्रुणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय बमोजिम गर्भवती महिलाको मञ्जुरीमा | | गर्भ |

## ३.२ मुलुकी अपराध संहिता र फौजदारी कसूर कायम गर्ने अन्य कानूनी व्यवस्थाः

### ३.२.१ अनुसन्धान तथा कारवाहीको जानकारी पाउने

मुलुकी अपराध संहिता, २०७४ को दफा ३२ मा अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउनुका साथै कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने उल्लेख छ। त्यसैगरी अपराध पिडित संरक्षण ऐन, २०७५ को दफा १८ मा "अपराध पीडितले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम क्षतिपूर्ति पाउने भएमा र सो सम्बन्धमा पीडितले जानकारी मागेमा क्षतिपूर्ति प्राप्त गर्न गर्नु पर्ने कारबाहीका सम्बन्धमा अभियोजन गर्ने अधिकारीले पीडितलाई जानकारी दिनु पर्ने छ" भन्ने व्यवस्था रहेको छ भने दफा १९ मा "पीडितलाई पुगेको क्षति बापत यस ऐन बमोजिम क्षतिपुर्ति पाउने अधिकार हुनेछ" व्यवस्था गरेकोछ। पिडीतलाई क्षतिपूर्ति दिने सम्बन्धमा दुवै ऐनले व्यवस्था गरेको देखिन्छ।

### ३.२.२ आत्मरक्षाः

मुलुकी अपराध संहिता, २०७४ को दफा २६ मा "आफू वा अरू कसैमाथि भएको आक्रमण विरूद्ध तत्काल रक्षा नगर्दा आफ्नो वा अरू कसैको ज्यान जान वा आफू वा अरू कसैलाई गम्भीर चोट लाग्न वा अङ्गभङ्ग हुन सक्छ भन्ने मनासिव विश्वास भएमा, जवर्जस्ती करणी गर्ने नियतले आक्रमण गरेको हो भन्ने मनासिब विश्वास भई वा जवर्जस्ती करणी गर्दाका बखत वा गरिसकेपछि पीडितबाट तत्काल कुनै काम भएकोमा ज्यान गएकोमा निजी रक्षाको अधिकार प्राप्त हुने छ  तर त्यस्तो अधिकारको प्रयोग गर्दा दफा २४ को उपदफा ३ बमोजिमको मनासिब भन्दा बढी बल प्रयोग गर्न पाइने छैन" भन्ने

व्यवस्था गरी निजी रक्षाको सीमा निर्धारण गरिएको छ[८] । त्यसैगरी मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को दफा १६ ले सोही प्रकृतिको कसूरमा निजी रक्षाको पूर्ण अधिकार प्रदान गरेको[९] देखिन्छ।

### ३.२.३ अपराधिक लाभ लिएमा हुने सजायः

मानव बेबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ ले कसैले कुनै व्यक्तिलाई निजको वा अरू कसैको कुनै क्षति पुऱ्याउने डर त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरू कसैको लागि कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गराएमा वा निजलाई कुनै काम गर्न रोकेमा आपराधिक लाभ लिएको मानिने[10] व्यवस्था गर्दै सो कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजायको व्यवस्था

---

8 मुलुकी अपराध सहिंता, २०७४ को दफा २६ को उपदफा (१)- "यस परिच्छेद बमोजिम निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैलाई कसैको ज्यान लिने अधिकार हुने छैन । (२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि दफा २५ को उपदफा (३) को अधीनमा रही देहायको अवस्थामा निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैको ज्यान गएकोमा त्यस्तो काम कसूर मानिने छैनः– (क) आफूवा अरु कसैमाथि भएको आक्रमण विरुद्ध तत्काल रक्षा नगर्दा आफ्नो वा अरु कसैको ज्यान जान वा आफूवा अरु कसैलाई गम्भीर चोट लाग्न वा अङ्गभङ्ग हुन सक्छ भन्ने मनासिब विश्वास भएमा, (ख)जवर्जस्ती करणी गर्ने नियतले आक्रमण गरेको हो भन्ने मनासिब विश्वास भई वा जवर्जस्ती करणी गर्दाका बखत वा गरिसके पछि पीडितबाट तत्काल कुनै काम भएकोमा, (ग)ज्यान मार्ने, बन्धक वा अपहरण गराउन मुक्ति रकम लिने, जवर्जस्ती करणी गर्ने, अङ्गभङ्ग गर्ने नियतले शरीर बन्धक लिएकोमा वा अपहरण गरेकोमा, (घ) मानिस बस्ने, पूजा वा प्रार्थना गर्ने, सम्पत्ति राख्ने कुनै घर, पाल वा सवारी साधनलाई घेराबन्दी गरी, जोखिमपूर्ण हातहतियार प्रयोग गरी, आगो लगाई वा विष्फोटक पदार्थ प्रयोग गरी क्षति पुऱ्याउन खोजेकोमा, (ङ) डाँकाको कसूर विरुद्ध रक्षा गर्नु परेमा, (च) कुनै व्यक्तिको वैयक्तिक सुरक्षा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सङ्गठित संस्थाको सम्पत्ति वा सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि अधिकार प्राप्त अधिकारीको आदेशबाट खटिएको सुरक्षाकर्मीले त्यस्तो व्यक्ति वा सम्पत्ति विरुद्ध भएको आक्रमण रोक्न तत्काल प्रतिकार गर्नु परेकोमा।"

9 मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को दफा १५ "आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको, किनेको, बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नु पर्ने मनासिव आधार भई निजले कुनै ठाउँबाट उम्कन वा भाग्न मद्दत खोज्दा कसैले बाधा विरोध गरेमा, रोकेमा, पक्रेमा, जोर जुलुम गरेमा, ज्यान लिन लागेमा वा जबरजस्ती करणी गर्न खोजेकोमा बल प्रयोग नगरे त्यस्तो बाधा, विरोध वा जोर जुलुमबाट वा पक्राउबाट भाग्न, उम्कन, ज्यान जोगाउन वा आफूलाई जबरजस्ती करणीबाट बचाउन नसक्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने, जोर जुलुम गर्ने, ज्यान लिन खोज्ने वा जबरजस्ती करणी गर्न खोज्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन।"

10 मुलुकी अपराध संहिता, २०७४ को दफा २५३ को उपदफा (१) "कसैले आपराधिक लाभ (एक्सटर्सन) लिन वा लिन लगाउन हुँदैन।(२) उपदफा (१) को प्रयोजनको लागि कसैले कुनै व्यक्तिलाई निजको वा अरु कसैको कुनै क्षति पुऱ्याउने डर त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरु कसैको लागि कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गराएमा वा निजलाई कुनै काम गर्नबाट रोकेमा आपराधिक लाभ लिएको मानिनेछ ।(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः– (क) आपराधिक लाभ लिने

नेपाल कानून आयोग

गरेको छः- (क) आपराधिक लाभ लिने नियतले कसैको ज्यान लिने.. अङ्गभङ्ग गर्ने वा गम्भीर चोट पुर्‍याउने डर वा त्रास देखाएमा सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिबाना, (ख) कसैको व्यवसायमा गैरकानूनी तरिकाले कुनै क्षति पुर्‍याउने वा चरित्रमा झुटो दोष लगाउने नियतले डर, त्रास देखाई आपराधिक लाभ लिएमा तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना। खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक अन्य अवस्थामा आपराधिक लाभ लिएमा एक वर्षसम्म कैद र दश हजार रूपैयाँसम्म जरिबानाको व्यवस्था गरेको छ। त्यसै गरी संगठित अपराध निवारण ऐन, २०७०, को दफा ८ मा अपराधिक लाभ लिएको मानिने र दफा ९ मा संहितामा व्यवस्था गरिए सरहको[11] सजाय गरिने समान व्यवस्था छ।

### ३.२.४ खाद्य पदार्थमा मिसावट गर्न नहुने

मुलुकी अपराध संहिता, २०७४ को दफा १०८ मा एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो भनी वा न्यून गुणस्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई वा कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा निम्नस्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ मिसावट गरी बिक्री वितरण गर्न नहुने र त्यस्तो गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म

---

नियतले कसैको ज्यान लिने, अङ्गभङ्ग गर्ने वा गम्भीर चोट पुऱ्याउने डर वा त्रास देखाएमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना, (ख)कसैको व्यवसायमा गैरकानूनी तरिकाले कुनै क्षति पुऱ्याउने वा चरित्रमा झुटो दोष लगाउने नियतले डर, त्रास देखाई आपराधिक लाभ लिएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना, (ग) खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक अन्य अवस्थामा आपराधिक लाभ लिएमा एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना।"

[11] संगठित अपराध निवारण ऐन, २०७०को दफा ८ को (१) "(१) कसैले आपराधिक लाभ लिन वा लिन लगाउन नहुने, उपदफा (२) मा उपदफा (१) को प्रयोजनको लागि कसैले नियतपूर्वक कुनै व्यक्तिलाई निजको वा अरु कसैको जीउ ज्यान वा सम्पत्तिमा कुनै क्षति पुऱ्याउने डर त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरु कसैको लागि नगदी, जिन्सी वा अन्य कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गरे वा गराएमा वा निजलाई कुनै काम गर्नबाट रोकेमा आपराधिक लाभ लिएको मानिने व्यवस्था छ भने दफा ९ को खण्ड (च)मा दफा ८ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुने व्यवस्था रहेको छः– (१)आपराधिक लाभ लिने नियतले कसैको ज्यान लिने, अङ्गभङ्ग गर्ने वा गम्भीर चोट पुऱ्याउने डर वा त्रास देखाएमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिवाना, (२) कसैको व्यवसायमा गैर कानूनी तरिकाले कुनै क्षति पुऱ्याउने वा चरित्रमा झुटो दोष लगाउने नियतले डर, त्रास देखाई आपराधिक लाभ लिएको भए चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिवाना, (३) उपखण्ड (१) वा (२) मा लेखिए बाहेक अन्य अवस्थामा आपराधिक लाभ लिएमा एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना" ।



नेपाल कानून आयोग

जरिबाना वा दुवै सजाय हुने[12] व्यवस्था गरिएको छ। त्यसैगरी खाद्य ऐन, २०२३ को दफा ४ र ५ मा समान प्रकृतिको कानूनी व्यवस्था[13] गरिएको देखिन्छ।

### ३.२.५ थुनामा राख्ने अवधि

मुलुकी अपराध संहिता, २०७४ को दफा २०२ मा कानून बमोजिम थुनामा रहेको कुनै व्यक्तिलाई थुनाबाट छाड्न कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट आदेश प्राप्त भएपछि त्यस्तो व्यक्तिलाई थुनाबाट नछाडी थुनी राख्न हुँदैन र त्यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। कारागार ऐन, २०७९ को दफा १४ को उपदफा (१) ले अवधि तोकी थुना वा कैद परेका बन्दीलाई त्यस्तो अवधि भुक्तान भएपछि र प्रचलित कानून बमोजिम अधिकारप्राप्त अधिकारीबाट कारागार बस्नु नपर्ने आदेश भएका बन्दीलाई तुरून्त थुना वा कैदबाट मुक्त गर्नु पर्ने लगायतको व्यवस्था[14] गरेको छ।

---

[12] मुलुकी अपराध संहिताको दफा १०८ को उपदफा (१) "कसैले कुनै एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो भनी वा न्यून गुणस्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई वा कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा निम्न स्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ मिसावट गरी बिक्री वितरण गर्न नहुने व्यवस्था छ भने उपदफा(२)मा उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था रहेको देखिन्छ।

[13] खाद्य ऐन, २०२३ को दफा ४मा कसैले कुनै एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो भनी वा न्यून गुणस्तरको खाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई वा अखाद्य पदार्थ वा कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा न्यून गुणस्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ मिसावट गरी बिक्री वितरण गर्न हुँदैन भन्ने व्यवस्था छ भने दफा ५को उपदफा (१) मा दफा ३ वा दफा ४ विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय"।

[14] कारागार ऐन, २०७९ को दफा १४ को_ उपदफा(१) " अवधि तोकी थुना वा कैद परेका बन्दीलाई त्यस्तो अवधि भुक्तान भएपछि र प्रचलित कानून बमोजिम अधिकारप्राप्त अधिकारीबाट कारागार बस्नु नपर्ने आदेश भएका बन्दीलाई तुरुन्त थुना वा कैदबाट मुक्त गर्नु पर्नेछ।बमोजिम कुनै बन्दीलाई थुना वा (१) कारागार प्रशासकले उपदफा (२) कैदबाट मुक्त गरेको व्यहोरा बन्दी अभिलेख किताबमा उल्लेख गर्नु पर्नेछ।कारागार प्रशासक वा कुनै (३) बढी समयसम्म थुना वा कर्मचारीको हेलचेक्रयाँईबाट कुनै बन्दी प्रचलित कानून बमोजिम निर्धारित अवधिभन्दा कैदमा रहेको देखिएमा वा यस ऐन बमोजिम गर्नु पर्ने काम नगरेको वा गर्न नहुने काम गरेकोदेखिएमा त्यस्तो कर्मचारीउपर विभागीय कारबाही हुनेछ।बमोजिमको अवधिभन्दा बढी थुना वा कैदमा रहेको (१) उपदफा (४) निजको परिवार वा आफन्तले सम्बन्धित प्रमुख जिल्ला अधिकारी भएमा त्यसको व्यहोरा खुलाई सम्बन्धित बन्दी वा समक्ष निवेदन दिन सक्नेछ।बमोजिम निव (४) उपदफा (५)ेदन पेश भएकोमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो बन्दीलाई तत्काल कैद वा थुना मुक्त गर्न लगाई निजलाई तोकिए बमोजिमको क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ। (६) कैद अवधि भुक्तान गरी सकेको तर परिवार वा आफन्त नभएको वा भए पनि सम्पर्कमा नआएका वा शारीरिक वा मानसिक समस्याका कारण कैद मुक्त भएर पनि परिवारमा फर्कन नसक्ने बन्दीलाई कारागार प्रशासकले प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी त्यस्ता व्यक्तिको हेरचाह गर्ने सरकारी संस्था वा सो प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका सामाजिक संस्थाको जिम्मा लगाउन सक्नेछ।"

### ३.२.६ दाइजो सम्बन्धी कसूर

मुलुकी अपराध संहिता, २०७४ तथा सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ दुवैले दाइजो माग गर्ने र सोही आधारमा हुने हिंसालाई कसूर कायम गरी सजायको व्यवस्था गरेको देखिन्छ। मुलुकी अपराध संहिताको दफा १७४ मा आफ्नो परम्परादेखि चलि आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न नहुने त्यस्तो कसूर गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने[15] व्यवस्था गरिएको छ। साथै कसैले विवाह गरी सकेपछि दाइजोको कारण नातेदारलाई कुनै किसिमले हैरान पार्न, सताउन वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गर्न नहुने र त्यस्तो गरेमा पाँच वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ। सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को दफा ५ मा सोही प्रकृतिको कसूरमा बिगो भए विगो जफत गरी दश हजार रूपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुने[16] व्यवस्था गरिएको छ। दाइजो सम्बन्धी कसूरमा संहितामा गरिएको भन्दा विशेष ऐनमा न्यून सजायको व्यवस्था गरिएको देखिन्छ।

नेपाल कानून आयोग

---

15 मुलुकी अपराध संहिता, २०७४ को १७४ "(१) आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन हुँदैन ।(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । (३) कसैले विवाह गरी सकेपछि उपदफा (१) बमोजिमको चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा त्यस्तो चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई कुनै किसिमले हैरान पार्न, सताउन वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गर्न हुँदैन । (४) उपदफा (३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।(५) उपदफा (१) वा (३) बमोजिम कुनै सम्पत्ति लिएकोमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ"।

16 सामाजिक व्यवहार (सुधार) ऐन २०३३ को दफा ५ को (१) विवाह हुँदा वा विवाह पछि दुलही पक्षबाट दुलही वा दुलहालाई यति नगद जिन्सी दाइजो, दान, बकस, भेटी, विदाई उपहार समेत जुनसुकै रुपमा दिनुपर्छ भनी दुलहा पक्षले कर लगाउन वा यति लिने दिने भनी दुवै पक्षले अगावै तय गर्न हुँदैन र दाइजो दिएन भनी दुलहा पक्षले टण्टा गर्न वा विवाह गर्न इन्कार गर्न वा विवाह भइसकेको भए दुलही विदाई गराई साथ नलग्न वा दुलही पछि मात्र विदाई गराई लग्ने प्रथा भएकाहरुले पछि विदाई गराई लग्न इन्कार गर्न हुँदैन ।(२) विवाह हुँदा जीउमा लगाएको एकसरो गहना बाहेक आफ्नो कुल परम्परा अनुसार राजीखुशीले दिनेले पनि बढीमा दश हजार रुपैयाँसम्मको मात्र दाइजो दिन हुन्छ । (३) उपदफा (१) वा (२) उल्लङ्घन गर्नेलाई लिनदिन नपाउने बिगो भए बिगो जफत गरी दश हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ।

### ३.२.७ गर्भपतन सम्बन्धी कसूर

मुलुकी अपराध संहिता, २०७४ को दफा १८८ मा कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन नहुने र त्यसरी गर्भ पतन गराएमा सजाय हुने, गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरूप जन्मिएको बच्चा तत्काल मरेमा यस दफाको प्रयोजनका लागि गर्भपतन गराएको मानिने, कसैले कुनै गर्भवती महिला विरूद्ध कुनै रिसइवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले गरेको रहेनछ भने पनि देहाय बमोजिमको सजाय हुने, कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान हुने कुनै काम गर्न वा गराउन र त्यसरी लिङ्ग पहिचान भएपछि गर्भपतन गर्न वा गराउनु नहुने गरेमा[17] अलग अलग सजायको व्यवस्था गरिएको छ। त्यसैगरी सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १६ र १७ मा सोही प्रकृतिको समान कानूनी व्यवस्था गरिएको छ। साथै सोही ऐनको दफा २६ मा सजाय समेत संहिताले व्यवस्था गरे सरहको नै व्यवस्था गरिएको छ।[18]

---

[17] मुलुकी अपराध संहिता, २०७४ को १८८ (१) "दफा १८९ को अवस्थामा बाहेक कसैले गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भ पतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन ।(२) कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन । (३) उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः– (क)बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना, (ख)बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना, (ग) पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना ।(४) गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरूप जन्मिएको बच्चा तत्काल मरेमा यस दफाको प्रयोजनका लागि गर्भपतन गराएको मानिनेछ ।(५) कसैले कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भमा रहेको पच्चीस हप्ता वा पच्चीस हप्ताभन्दा बढी अवधिको गर्भ पतन हुन गएमा सो काम गर्ने कसूरदारलाई यस संहिता वा अन्य कानून बमोजिमको सजायमा थप पाँच वर्षसम्म कैद हुनेछ। (६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै गर्भवती महिला विरुद्ध कुनै रिसइवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि देहाय बमोजिमको सजाय हुनेछः–(क)बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद,(ख)बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद,(ग)पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद ।(७) कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गर्न वा गराउन र त्यसरी लिङ्ग पहिचान भएपछि गर्भपतन गर्न वा गराउनु हुँदैन । (८) उपदफा (७) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः–(क) गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद, र (ख) लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई उपदफा (३) मा लेखिएको सजायमा थप एक वर्षसम्म कैद" ।

[18] सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १६(१) "दफा १५ मा उल्लिखित अवस्थामा बाहेक कसैले पनि गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन ।(२) कसैले गर्भवती महिलालाई करकाप गरी, धम्की दिई, ललाई



नेपाल कानून आयोग

### ३.२.८ विद्युतीय माध्यमबाट गोपनीयता भंग गरेमा

विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४८ मा कुनै विद्युतीय अभिलेख, किताब, रजिष्टर, पत्रव्यवहार, सूचना, कागजात वा अन्य सामग्रीहरूमा पहुँच प्राप्त गरेको कुनै व्यक्तिले कुनै अनधिकृत व्यक्तिलाई त्यस्तो अभिलेख, किताब, रजिष्टर, पत्र व्यवहार, सूचना, कागजात वा सामग्रीको गोपनीयता भङ्ग गरेमा वा भङ्ग गर्न लगाएमा निजलाई कसूरको मात्रा हेरी एक लाख रूपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ। त्यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा २९८ मा कसैले विद्युतीय माध्यममा रहेको वा प्रवाह हुने सूचना, जानकारी, पत्राचार अनधिकृत रूपमा प्राप्त गर्न, त्यसको गोपनीयता भङ्ग गर्न वा अनधिकृत रूपमा कसैलाई हस्तान्तरण गर्न वा गराउन हुँदैन। त्यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरीदुवै कानूनमा  सजायमा समान व्यवस्था गरिएको भएतापनि जरिवानामा भने फरक फरक व्यवस्था गरिएको देखिन्छ।

### ३.२.९ हुलाक टिकटको पुनः प्रयोग गरेमा सजायः

हुलाक ऐन, २०१९ दफा ६२ मा अघि प्रयोग भै सकेको हुलाक टिकट प्रयोग गरेमा नेपाल सरकारलाई क्षति पुग्न गएको रकम असूल गरी एक वर्षसम्म कैद र दश हजार रूपैयाँसम्म जरिबाना हुने व्यवस्था छ। त्यसै गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २६९ मा प्रयोग भएको टिकट पुनः प्रयोगमा ल्याएमा एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेव्यवस्था छ। संहितामा कुनै एक वा दुबै सजाय हुने व्यवस्था रहेको छ भने हुलाक ऐनमा दुबै सजाय हुने व्यवस्था गरिएको छ।

नेपाल कानून आयोग

---

फकाई गरी वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन ।(३) देहायको कुनै कार्य गरेमा बलपूर्वक गर्भपतन गराएको मानिनेछः– (क) पदफा (२) बमोजिम गर्भपतन गराएमा,(ख) कुनै रीसइवीले गर्भवती महिलालाई केही गर्दा गर्भ तुहिएमा,(ग) खण्ड (क) र (ख) बमोजिमको कुनै कार्य गर्न सहयोग पुऱ्याएमा ।(४) गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरूप जन्मिएको बच्चा तत्काल मरेमा यस दफाको प्रयोजनको लागि गर्भपतन गराएको मानिनेछ । दफा १७ को (१) कसैले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै कार्य गर्न वा गराउन हुँदैन । (२)गर्भवती महिलालाई गर्भको लिङ्ग पहिचान गर्न डर वा त्रास देखाई वा करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्यानमा पारी, जोर जुलुम गरी दबाब दिन वा बाध्य पार्न हुँदैन ।(३) उपदफा (१) र (२) बमोजिम लिङ्ग पहिचान गरी गर्भपतन गर्न गराउन हुँदैन।

## ३.२.१० नाप्ने वा तौलने साधन नक्कली बनाउन र प्रयोग गर्न नहुने

मुलुकी अपराध संहिता, २०७४ को दफा २७३  र २७४ र स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ दफा १९क. र १९ख. मा गरिएको नापतौलसँग सम्बन्धित कसूरको सम्वन्धमा गरिएको व्यवस्था समान अर्थात एकै प्रकृतिको छ। मुलुकी अपराध संहिता २०७४, को दफा २७३ मा नाप्ने वा तौलने साधन नक्कली बनाउन वा चलन गर्न नहुने र त्यस्तो कसूर गर्ने व्यक्तलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना हुने, साथै त्यसरी बनाएको, चलन चल्तीमा ल्याएको साधन, त्यसलाई बनाउने वा मर्मत गर्ने औजार समेत जफत हुने व्यवस्था छ भने दफा २७४ मा नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन कपटपूर्ण प्रयोग गर्न नहुने र त्यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना हुने व्यवस्था गरिएको छ[19]। सोही प्रकृतिको समान व्यवस्था स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ दफा १९क. र १९ख. मा रहेको छ[20]।

नेपाल कानून आयोग

---

[19] मुलुकी अपराध संहिता, २०७४ को २७३ (१) "कसैले नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुनै साधन निर्धारित स्तरभन्दा घटी बढी हुने गरी बनाउन वा बनाउन लगाउन वा त्यसरी बनाएको नाप्ने, तौलने, गुणस्तर निर्धारण गर्ने साधन जानीजानी सक्कली सरह चलन गर्न वा चलन गर्ने नियतले राख्न वा बिक्री गर्न वा त्यस्तो साधनमा लगाउने छाप वा टाँचा नक्कली बनाउन वा नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधनको छाप वा टाँचा बिगार्न वा अर्को कुनै साधनको मद्दतले त्यस्तो साधनको नाप्ने, तौलने वा गुणस्तर निर्धारण क्षमतामा प्रभाव पार्न वा त्यस्तो साधनमा नक्कली छाप वा टाँचा लगाउन वा अन्य कुनै उपायद्वारा चलन चल्तीको नाप वा तौललाई घटी बढी हुन सक्ने बनाउन हुँदैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन" भन्नाले कुनै वस्तु वा सेवाको इकाई, गुण वा परिमाण वा त्यस्तो वस्तु वा सेवाको शुद्धता वा स्तर वा कुनै वस्तुको इकाई निर्धारण गर्न कानून बमोजिम चलन चल्तीमा रहेको साधन सम्झनु पर्छ । (२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।(३) उपदफा (१) बमोजिम बनाएको, चलन चल्तीमा ल्याएको साधन, त्यसलाई बनाउने वा मर्मत गर्ने औजार समेत जफत हुनेछ । २७४. (१) कसैले कुनै व्यवसाय, कारोबार वा व्यापारको सिलसिलामा नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन प्रयोग गर्नु पर्दा कानून बमोजिम त्यस्तो साधनको चलन चल्तीमा निर्धारण गरिएको नाप, तौल वा स्तरभन्दा घटी बढी हुने गरी कपटपूर्ण रूपमा प्रयोग गर्न, अर्को कुनै साधन वा उपायको मद्दतले त्यस्तो साधनको चलन चल्तीको नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुरामा प्रतिकूल प्रभाव पार्न हुँदैन ।(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ"।

[20] स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ १९क.(१) "कसैले नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुनै साधन निर्धारित स्तर भन्दा घटी वा बढी हुने गरी बनाउन वा बनाउन लगाउन वा त्यसरी बनाएको नाप्ने, तौलने, गुणस्तर निर्धारण गर्ने साधन जानीजानी सक्कली सरह चलन गर्न वा चलन गर्ने नियतले राख्न वा बिक्री गर्न वा त्यस्तो साधनमा लगाउने छाप वा टाँचा नक्कली बनाउन वा नाप्ने, तौलने वा बदनियतपूर्वक गुणस्तर निर्धारण गर्ने साधनको छाप वा टाँचा जानीजानी बिगार्न वा अर्को कुनै साधनको मद्दतले त्यस्तो साधनको नाप्ने, तौलने वा गुणस्तर निर्धारण क्षमतामा प्रभाव पार्न वा त्यस्तो साधनमा नक्कली छाप वा टाँचा लगाउन वा अन्य कुनै उपायद्वारा चलन चल्तीको नाप वा तौललाई घटी बढी हुन सक्ने बनाउन हुदैन"।

### ३.२.११ बालबालिकालाई हुने सजाय

बालबालिकाले कुनै कसूर गरेमा उनीहरूको उमेर अवस्थाको आधारमा सजायमा पूर्णरूपमा छुट दिने वा कम सजाय हुने गरी कानूनमा व्यवस्था गरेको पाइन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ मा दश बर्षभन्दा कम उमेरको बालबालिकालाई कुनै सजाय नहुने, दश वर्ष वा दश वर्षभन्दा माथि र चौध वर्षभन्दा कम उमेर भएको व्यक्तिले कानून बमोजिम जरिबाना हुने कुनै कसूर गरेकोमा जरिबाना नगरी निजलाई सम्झाई बुझाई गर्नु पर्नेछ र कैद हुने कसूर गरेकोमा कसूर हेरी छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म सुधार गृहमा राख्न सकिने, चौध वर्ष वा चौध वर्षभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको आधा सजाय हुने, सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको दुई तिहाई सजाय हुने व्यवस्था गरेको छ। त्यसैगरी १६ बर्ष पूरा नगरेका बालबालिकालाई जघन्य कसूर, गम्भीर कसूर र पटके कसूर गरेकोमा बाहेक कैद सजाय गर्न नहुने[21] भन्ने व्यवस्था गरिएको छ।

---

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन" भन्नाले कुनै वस्तु वा सेवाको एकाइ, गुण वा परिमाण वा त्यस्तो बस्तु वा सेवाको शुद्धता वा स्तर वा कुनै वस्तुको एकाइ निर्धारण गर्न कानून बमोजिम चलन चल्तीमा रहेको साधन सम्झनु पर्छ ।(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।(३) उपदफा (१) बमोजिम बनाएको, चलन चल्तीमा ल्याएको साधन, त्यसलाई बनाउने वा मर्मत गर्ने औजार समेत जफत हुनेछ ।दफा १९ख को (१) कसैले कुनै व्यवसाय, कारोवार वा व्यापारको सिलसिलामा नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन प्रयोग गर्नु पर्दा कानून बमोजिम त्यस्तो साधनको चलन चल्तीमा निर्धारण गरिएको नाप, तौल वा स्तरभन्दा घटी वा बढी हुने गरी कपटपूर्ण रूपमा प्रयोग गर्न, अर्को कुनै साधन वा उपायको मद्दतले त्यस्तो साधनको चलन चल्तीको नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुरामा प्रतिकूल प्रभाव पार्न हुँदैन ।(२)उपदफा(१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँ सम्म जरिबाना हुनेछ"।

21 मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(१) "कानून बमोजिम कसूर ठहरिने कुनै काम गर्ने व्यक्तिको उमेर त्यस्तो काम गर्दाका बखत दश वर्ष पुगेको रहेनछ भने निजलाई कुनै सजाय हुने छैन । (२) दश वर्ष वा दश वर्ष भन्दा माथी र चौध वर्षभन्दा कम उमेर भएको व्यक्तिले कानून बमोजिम जरिबाना हुने कुनै कसूर गरेकोमा जरिबाना नगरी निजलाई सम्झाई बुझाई गर्नु पर्नेछ र कैद हुने कसूर गरेकोमा कसूर हेरी छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म सुधार गृहमा राख्न सकिनेछ ।(३) चौध वर्ष वा चौध वर्षभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको आधा सजाय हुनेछ । (४) सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको दुई तिहाई सजाय हुनेछ । (५) उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भीर कसूर वा पटके रुपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन"।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ मा सजाय सम्बन्धी अन्य व्यवस्था[22] संहिताको जस्तै समान प्रकृतिको देखिन्छ भने सो दफाको उपदफा (४) मा गरिएको सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुईतिहाई सजाय हुनेछ भन्ने व्यवस्था फौज्दारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६को उपदफा (२) तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ मा रहेको सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भीर कसूर वा पटके रूपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु नहुने भन्ने व्यवस्था भन्दा फरक व्यवस्था देखिन्छ।

### ३.२.१२ जातीय तथा अन्य छुवाछुत र भेदभाव गरेमा हुने सजाय

जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ४ को उपदफा (२) मा कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव गरी सार्वजनिक वा निजी स्थानमा प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने, वा व्यक्तिगत वा सामूहिक रूपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन,

---

22 बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(१) “कसूरजन्य कार्य गर्दा बालबालिकाको उमेर दश वर्षभन्दा कम भए निज उपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै किसिमको सजाय हुने छैन । (२) दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम उमेरको बालबालिकाले जरिबाना हुने कसूरजन्य कार्य गरेको भए निजलाई सम्झाई बुझाई छाडिनेछ र कैद हुने कसूरजन्य कार्य गरेको भए कसूरको प्रकृति हेरी छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखिने छ। (३) चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ ।(४) सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुनेछ ।(५) बाल अदालतले उपदफा (२), (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थिति समेतलाई विचार गरी शर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप देहायका कुनै उपयुक्त निर्णय गर्नेछः– (क) परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने, (ख) सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने, (ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, (घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने, (ङ) सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने, (च) निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने ।



नेपाल कानून आयोग

सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्न[23] तथा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गर्न नहुने र गरेमा सोही ऐनको दफा ७ ले तीन महिनादेखि तीन वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना हुने व्यवस्था गरेको छ। त्यसैगरी कसैले कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउने वा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने गरी उत्पादन, बिक्री वा वितरण गर्न वा गराउन नहुने र गरेमा दुई महिनादेखि दुई वर्षसम्म कैद र बीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना हुने व्यवस्था गरेको छ। सोही प्रकृतिको कसूरमा मुलुकी अपराध संहिता, २०७४ को दफा १६६ मा तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा थप तीन महिनासम्म कैद सजाय हुने[२४] व्यवस्था गरेको छ।

नेपाल कानून आयोग

---

23 जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ४ को उपदफा (२) कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, "जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव गरी सार्वजनिक वा निजी स्थानमा देहायको कुनै पनि कार्य गर्न वा गराउन हुँदैनः–(क) प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने, वा (ख)व्यक्तिगत वा सामूहिक रुपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने । (३) कसैले कुनै पनि व्यक्तिलाई "जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गर्न हुँदैन । (९) कसैले कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको खरिद वा प्राप्त गर्नबाट रोक लगाउने वा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने गरी उत्पादन, बिक्री वा वितरण गर्न वा गराउन हुँदैन।

24 मुलुकी अपराध संहिता २०७४ को दफा १६६ को (१) कसैले कसैलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, समुदाय, पेशा, व्यवसाय, शारीरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पत्तिको आधारमा छुवाछुत वा अन्य कुनै किसिमको भेदभाव गर्न वा सार्वजनिक स्थलमा उपस्थित हुन वा कुनै सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश गर्न रोक्न वा सार्वजनिक प्रयोगमा रहेको पानी, पधेरो प्रयोग गर्न वञ्चित गर्न वा अन्य कुनै निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नबाट वञ्चित गर्न हुँदैन । (२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा थप तीन महिनासम्म कैद सजाय हुनेछ ।

### ३.२.१३ खोटा मुद्रा वा सिक्का बनाउन वा प्रयोग गर्न नहुने

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५७ को उपदफा (१) मा बैङ्कले झुत्रो मुद्रालाई खिच्ने, नष्ट गर्ने वा अन्य बैङ्क नोट वा सिक्कासँग सटही गरिदिन सक्ने व्यवस्था छ। त्यसैगरी उपदफा (४) मा हराएको वा चोरिएको बैङ्क नोट वा सिक्काको धनीलाई बैङ्कबाट सट्टाभर्ना पाउने हक नहुने र बैङ्कले कुनै मुआब्जा नदिई बाहिरी स्वरूप परिवर्तन गरिएको वा खोटो सिक्का वा नक्कली नोट जफत गर्न सक्ने व्यवस्था रहेको छ। त्यसै गरी स्पष्टीकरणमा "खोटो सिक्का" को परिभाषा गरी बैङ्कले निष्कासन गरेको सिक्काको नक्कल गरी टक मारेको, डाली वा खोदी बनाएको नक्कली सिक्का वा बैङ्कबाट निष्कासन गरेको सिक्कालाई दुई वा दुई भन्दा बढी टुक्रा हुने गरी काटेको, फुटाएको वा सिक्कामा उल्लिखित अङ्क, अक्षर तथा चिन्ह मेटिएको सिक्कालाई खोटो खोटो सिक्काको रुपमा परिभाषित गरेको छ। दफा ९५ को उपदफा (२) मा उपदफा (१) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन पालना नगरेमा समेत निजले यस ऐन बमोजिम कसूर गरेको मानिने व्यवस्था छ भने दफा ९६ को उपदफा (१) ले दफा ९५ को उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने व्यक्तिलाई उक्त कसूरसँग सम्बन्धित बिगो जफत गरी बिगोको तीन गुणासम्म जरिबाना वा सात वर्षसम्म कैद वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था गरेको छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २५६ मा खोटा मुद्रा बनाउन नहुने र त्यस्तो कार्य गर्ने वा गराउने व्यक्तिलाई मुद्राको परिमाण र मूल्य विचार गरी पाँच वर्षदेखि दश वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना हुने उल्लेख छ भने दफा २५७ मा खोटा मुद्रा चलन गर्न नहुने र कसैले त्यस्तो कार्य गरेमा कसूर गर्ने वा गराउने व्यक्तिलाई सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिबाना हुने व्यवस्था छ भने दफा २५८ मा खोटा मुद्रा बनाउने सामान बनाउन, राख्न वा मर्मत गर्न नहुने र त्यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिबाना हुने व्यवस्था छ। उल्लिखित दुवै ऐनमा खोटा सिक्का र खोटा मुद्रा भन्ने फरक फरक शब्दहरूको प्रयोग भएको र सजाय समेत फरक देखिएको छ।

नेपाल कानून आयोग

### ३.२.१४ सार्वजनिक जग्गा व्यक्तिको नाममा कायम गर्न नहुने

मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) ले सरकारी सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता वा आवाद गर्न गराउन नहुने तर नेपाल सरकारले सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनको लागि, सरकारी जग्गा नेपाल सरकारबाट उचित ठहऱ्याएको कुनै कामको लागि र सामुदायिक जग्गा सम्बन्धित समुदायले उचित ठहऱ्याएको कुनै कामको लागि व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ। त्यसैगरी सोही दफाको उपदफा (२) मा कसैले यो दफा प्रारम्भ हुनुभन्दा अघि वा पछि सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतःबदर हुनेछ। त्यस्तो जग्गाको व्यक्ति विशेषका नाउँमा रहेको दर्ता लगत समेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले कट्टा गर्ने व्यवस्था छ भने दफा २९ मा कसैले सरकारी वा सार्वजनिक जग्गा दर्ता वा आबाद गराएमा त्यस्तो कसूर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा १४७ सोही प्रकृतिको व्यवस्था गरी समान कैद सजायको समेत व्यवस्था गरेको देखिन्छ।

## ३.३ अन्य प्रचलित कानूनमा दोहोरो परेका कानूनी व्यवस्थाः

### ३.३.१ अख्तियार दुरूपयोग अनुसन्धान आयोग र भ्रष्टाचार निवारणः

| **अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८** | **भ्रष्टाचार निवारण ऐन, २०५९** |
|---|---|
| दफा १६ अभयुक्तलाई थुनामा राख्न सक्ने | दफा ३१ अभियुक्तलाई थुनामा राख्न सक्ने |
| दफा १७ राष्ट्र सेवक स्वतः निलम्बन हुने | दफा ३३ राष्ट्र सेवक स्वतः निलम्बन हुने |
| दफा १८ मुद्दा चलाउने सम्बन्धी व्यवस्था | दफा ३६ मुद्दा दायर गर्ने व्यवस्था |
| दफा १९ अनुसन्धान र तहकीकात सम्बन्धी आयोगको अधिकार | दफा २८ अनुसन्धान अधिकारीको अधिकार |
| दफा १९(१२) उजुरी तामेलीमा राख्न सकिने | दफा ३५ उजुरी तामेलीमा राख्न |

| | |
|---|---|
| | सकिने |
| दफा २० अनुसन्धान अधिकृत नियुक्त गर्ने व्यवस्था | दफा २९ अनुसन्धान अधिकृत नियुक्त गर्ने वा तोक्ने व्यवस्था |
| दफा २३क. विवरण लिन वा कारोवार रोक्का राख्न सकिने | दफा ३९ विवरण लिन वा कारोवार खाता रोक्का राख्न सक्ने |
| २३ख. राहदानी जारी नगर्न वा रोक्का राख्न आदेश दिन सक्ने | दफा ४० राहदानी जारी नगर्न वा रोक्का राख्न सक्ने |
| २३ग. स्थान छोड्न बन्देज लगाउन सक्ने | दफा ४१ स्थान छोड्न बन्देज गर्न सक्ने |
| २४ख. म्याद तामेल नहुने व्यक्तिका नाममा राष्ट्रिय स्तरको समाचार पत्रमा (विदेशीको हकमा अंग्रेजी दैनिकमा) कम्तिमा दुई पटक सूचना प्रकाशन गर्नु पर्ने | दफा ४३ म्याद तामेल नहुने व्यक्तिका नाममा राष्ट्रिय स्तरको समाचार पत्रमा (विदेशीको हकमा अंग्रेजी दैनिकमा) कम्तिमा दुई पटक सूचना प्रकाशन गर्नु पर्ने |
| २४ग. झुट्टा उजुर गर्नेलाई रू. पाँच हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्ने | दफा ४९ झुट्टा उजुर गर्नेलाई पाँच हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| दफा २६ आयोगले अन्य कार्यालय वा कर्मचारीको सहयोग लिन सक्ने | दफा ३२ अन्य निकायको सहयोग लिन सक्ने |
| २९ अवकाश प्राप्त व्यक्ति उपर मुद्दा चलाउन सकिने | दफा ४५ अवकाश प्राप्त व्यक्ति उपर पनि मुद्दा चलाउन सकिने |
| दफा २९ख. मा भ्रष्टाचार गरी आर्जन गरेको र सो बाट बढे बढाएको सम्पत्ति जफत हुने | दफा ४७ मा भ्रष्टाचार गरी आर्जन गरेको र सोबाट बढे बढाएको सम्पत्ति जफत हुने |
| दफा २९ग. मा विदेशी व्यक्तिको सम्पत्ति रोक्का राख्न आदेश दिन सक्ने | दफा ४८ मा विदेशी व्यक्तिको सम्पत्ति रोक्का राख्न आदेश दिन सक्ने |
| दफा ३१क. मा सम्पत्ति विवरण पेश गर्नु पर्ने | दफा ५० मा सम्पत्ति विवरण पेश गर्नु पर्ने |
| दफा ३१ख. मा माल वस्तु लिलाम गर्न सक्ने | दफा ६२ मा माल वस्तु लिलाम गर्न सकिने |

नेपाल कानून आयोग

| | |
|---|---|
| दफा ३५क. मा पुरस्कार सम्बन्धी व्यवस्था | दफा ५८ मा पुरस्कार सम्बन्धी व्यवस्था |

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९मा माथि उल्लिखित व्यवस्थाहरू एक आपसमा दोहोरो परेको देखिन्छ। अख्तियारलाई मूलभूत अधिकार प्रदान गर्ने भ्रष्टाचार निवारण ऐन तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मातृ ऐनको व्यवस्थामा दोहोरोपना हुँदा कार्यान्वयनको क्रममा द्विविधा उत्पन्न हुन सक्ने देखिन्छ।

### ३.३.२ लिखितहरूको बर्गीकरणः

लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ दफा ३ मा लिखतहरूको गोप्यताको प्रयोजनको लागि लिखतहरूलाई सख्त निषेधित लिखत, अति गोप्य लिखत र गोप्य लिखतको रूपमा वर्गीकरण गरिएको छ। कुनै लिखतलाई कुन वर्गमा राख्ने भन्ने कुरा छुट्याउन मुख्य सचिवको अध्यक्षतामा सम्बन्धित मन्त्रालयको सचिव समेत भएको समितिको रहने व्यवस्था छ। लिखतको वर्ग छुट्याउने आधारहरू तोकिए बमोजिम हुने र वर्गीकृत नगरिएका लिखत गोप्य नमानिने व्यवस्था छ। उक्त व्यवस्था हालसम्म कार्यान्वयनमा आएको देखिंदैन। सोही प्रकृतिको व्यवस्था सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा २७ मा सार्वजनिक निकायमा रहेका सूचनाको संरक्षण गर्नका लागि नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्न नेपाल सरकारको मुख्य सचिवको अध्यक्षतामा समिति रहने व्यवस्था गरेको छ। त्यसरी वर्गीकरण गरिएको सूचनाको प्रकृति अनुसार बढीमा तीस वर्षको अवधिसम्म गोप्य राख सकिने व्यवस्था गरिएको देखिन्छ। त्यसैगरी लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ मा लिखत भन्ने शब्दको प्रयोग भएको देखिन्छ भने सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा सूचना भन्ने शव्द प्रयोग भएको देखिन्छ।

### ३.३.३ निर्देशक, मेनेजर, अन्य कुनै अधिकारीलाई सजाय हुनेः

मुलुकी देवानी संहिता, २०७४ को दफा ५१ मा कसैले कानूनी व्यक्तिको तर्फबाट कुनै काम कारबाही गर्दा कसैलाई कुनै किसिमको हानि, नोक्सानी पर्न गएमा त्यसको जिम्मेवारी त्यस्तो कानूनी व्यक्तिको हुने र त्यसको क्षतिपूर्ति सम्बन्धित कानूनी व्यक्तिले व्यहोर्नु पर्ने तर कानूनी व्यक्तिको उद्देश्य वा कार्यक्षेत्र बाहिर रही गरेको वा वदनियत

नेपाल कानून आयोग

पूर्वक गरेको काम कारबाहीबाट कसैलाई हानि, नोक्सानी हुन गएमा त्यस्तो काम गर्ने सञ्चालक वा व्यक्ति नै व्यक्तिगत रूपमा जिम्मेवार हुने व्यवस्था छ। त्यसैगरी आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ६क. मा सो ऐन बमोजिम कसूर गर्ने व्यक्ति कुनै संगठित संस्था वा कम्पनी भएमा सो कसूर भएको कुरा आफूलाई थाहा थिएन वा सो कसूर रोक्न आफूले सकभर प्रयत्न गरेको थियो भन्ने कुरा प्रमाणित गर्न सकेमा बाहेक त्यस्तो कसूरको लागि सम्बन्धित संगठित संस्था वा कम्पनीको काम कारबाही उपर नियन्त्रण राख्ने निर्देशक, मैनेजर, अन्य कुनै अधिकारी वा व्यक्तिलाई सजाय हुने व्यवस्था रहेको छ।

### ३.३.४ अपाङ्गता भएका बालबालिकाको अधिकार

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २० र बालबालिका सम्बन्धी ऐन, २०७५ दफा १२ मा अपाङ्गता भएका बालबालिकाको अधिकारका सम्बन्धमा उस्तै प्रकृतिको व्यवस्था गरिएको देखिन्छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २० मा आफ्नो मान, प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रबर्द्धन गर्ने, समाजमा सक्रिय रूपले सहभागी हुने तथा सम्मानजनक तवरले जीवन व्यतीत गर्ने अधिकार हुने; समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य, स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुने, अन्य बालबालिका सरह समान आधारमा निजलाई प्रभाव पर्ने विषयमा आफ्नो धारणा व्यक्त गर्ने अधिकार हुनेछ र उनीहरूका धारणालाई उमेर र परिपक्वताको आधारमा उचित सम्मान दिइने, निजको सर्वोत्तम हितका लागि अदालतबाट आदेश भएको अवस्थामा बाहेक अपाङ्गता भएका कारणबाट निजको घर परिवारबाट अलग नगरिने, सिकाइ आवश्यकतालाई सम्बोधन गर्ने पाठ्यक्रम, पा्यपुस्तक र शिक्षण सिकाइ लगायतका विषयमा उपयुक्त व्यवस्था गर्ने; तोकिए बमोजिमको विशेष संरक्षणको अधिकार हुने भन्ने व्यवस्था छ। त्यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ दफा १२ मा अपाङ्गता भएका बालबलिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिने; अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रियरूपले सहभागी हुने तथा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार हुने; विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका

अवसर प्राप्त गर्ने अधिकार हुने; सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुने उल्लेख छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २० ले बालबालिका सम्बन्धी ऐनको व्यवस्था भन्दा बिस्तृत र थप व्यवस्था गरेको देखिन्छ।

### ३.३.५ सार्वजनिक सम्पत्ति हिनामिना गरेको कसूरः

शिक्षा ऐन, २०२८, दफा १७ को उपदफा (१) मा कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्ने व्यवस्था छ। त्यसै गरी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ मा कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको सो सम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसूरको मात्राअनुसार दफा ३ बमोजिमको सजाय हुने र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुल उपर गरिने व्यवस्था छ। सार्वजनिक सम्पत्ति हिनामिना गरेको कसूरमा दुई फरक फरक ऐनमा फरक फरक सजायको व्यवस्था गरेको देखिन्छ।

### ३.३.६ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार(निवारण) ऐन, २०७१ को दफा ३ मा कसैले पनि कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गर्न वा गराउन नहुने र त्यस्तो कार्य गरेमा सजाय हुने व्यवस्था छ। त्यसैगरी श्रम ऐन, २०७४ दफा १३२ मा कसैले कार्यस्थलमा वा कामको सिलसिलामा अनुचित प्रभावमा पारी कानून बमोजिम यौनजन्य दुर्व्यवहार मानिने कुनै कार्य गर्न वा गराउन नहुने उल्लेख गरिएको छ। यसरी कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्वन्धमा पनि दुई फरक कानूनमा दोहोरो व्यवस्था गरेको देखिन्छ।

### ३.३.७ औषधिमा मिसावट गर्न नहुने

औषधि ऐन, २०३५ दफा २९ मा औषधिको प्रभाव शून्य हुने, घटी हुने वा बदलिने वा हानिकारक हुने गरी कसैले कुनै औषधिमा मिसावट गर्न वा त्यस्तो मिसावट भएको हो भन्ने जानी जानी त्यस्तो औषधि बिक्री गर्न वा बिक्रीको लागि राख्न वा उपचारको निमित्त कसैलाई दिन नहुने, कसैले कुनै अरू थोकलाई औषधि भनि बिक्री गर्न नहुने र म्याद

नाघेको औषधि कसैले बिक्री-वितरण गर्न नहुने उल्लेख छ। कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ दफा ७ मा समेत औषधि मिसावट तथा औषधिको प्रभावन सुन्य बनाउन नपाइने[25] व्यवस्था गरी औषधि मिसावट सम्बन्धमा दोहोरो व्यवस्था रहेको देखिन्छ।

### ३.३.८ आयोजनाको गुणस्तर परीक्षण

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ ले आयोजना समयमा पूरा हुन नसकेको पाइएमा वा पूरा भएको आयोजनाको गुणस्तर न्यून देखिएमा त्यसको आवश्यक छानबिन गरी दोषी देखिएका सम्बन्धित विभागीय प्रमुख वा आयोजना प्रमुखलाई आवश्यक कारवाही गर्ने जिम्मेवारी सचिवलाई प्रदान गरेको र भ्रष्टाचार निवारण ऐन, २०५९ मा निर्धारित गुणस्तरभन्दा कम गुणस्तरको निर्माण सामग्री प्रयोग गर्ने वा प्रयोग गर्न अनुमति दिने वा त्यस्तो सामग्री प्रयोग भएकोमा निर्धारित गुणस्तरको हो भनी प्रमाणित गर्न वा स्वीकृत दिनेलाई कसूरको मात्रा हेरी तीन महिनादेखि तीन वर्षसम्म कैद र बिगो खुलेकोमा बिगो बमोजिम जरिबाना गरी बिगो असूल उपर गरिने र बिगो नखुलेकोमा तीन महिनादेखि तीन वर्षसम्म कैद र दश हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिबाना हुने व्यवस्था गरिएको छ। यी दुई पृथक ऐनले एउटै कसूरमा दुई वटा अलग कारवाहीको व्यवस्था गरेको देखिन्छ।

### ३.३.९ गोपनीयता सम्बन्धी कसूर सम्बन्धमा संहिता र ऐन बीच तुलना

गोपनीयताको सम्बन्धमा देवानी दायित्वको रूपमा मुलुकी देवानी संहिताले गरेको विषयमा चर्चा गरिसकिएको छ। यस शिर्षक अन्तर्गत गोपनीयता सम्बन्धमा मुलुकी अपराध

---

25 औषधिमा मिसावट र मिसावट भएको औषधिको बिक्रीः (१) शुद्ध औषधि सरह बिक्री वा प्रयोग गराउने नियतले वा त्यसरी बिक्री वा प्रयोग गरिने सम्भव छ भन्ने जानी जानी औषधिको प्रभाव शुन्य हुने, घटी हुने वा बदलिने वा हानिकारक हुने गरी कसैले कुनै औषधिमा मिसावट गरेमा वा त्यस्तो मिसावट भएको वा म्याद नाघेको औषधि हो भन्ने जानी जानी बिक्री गरेमा वा बिक्री गर्न उद्योग गरेमा वा बिक्री गर्न राखेमा वा उपचारको निमित्त कसैलाई दिएमा वा मिसावटको सम्बन्धमा जानकारी नभएका कुनै व्यक्तिलाई त्यस्तो औषधि सेवन गर्न लगाएमा निजलाई देहाय बमोजिम सजाय हुनेछः– (क) ज्यानलाई खतरा पुग्ने सम्भावना भएमा जन्म कैद वा दश वर्षसम्म कैद र जरिबाना, (ख) शरीरको कुनै अङ्गको शक्ति क्षीण वा हरण हुन सक्ने भएमा दश वर्षसम्म कैद र जरिबाना, (ग) अन्य अवस्थामा पाँच वर्षसम्म कैद वा जरिबाना वा दुवै । (२) कुनै अरु थोकलाई औषधि भनी बिक्री गरेमा समेत उपदफा (१) बमोजिमको कसूर गरेको ठहरी सजाय हुनेछ ।

संहिता तथा  बैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ ले गरेका व्यवस्थाको सम्बन्धमा तुलनात्मक चर्चा गरिएको छ।

| मुलुकी अपराध संहिता | बैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ |
|---|---|
| दफा २९४.कसैले आफ्नो व्यावसायिक कामको सिलसिलामा कुनै व्यक्तिबाट थाहा पाएको निजको कुनै गोप्य कुरा कानूनले बाध्य गराएको वा त्यस्तो व्यक्तिले अनुमति दिएको अवस्थामा बाहेक कसैलाई पनि प्रकट गर्न हुँदैन गरेमा एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने | दफा १८. कसैले आफ्नो व्यावसायिक कामको सिलसिलामा कुनै व्यक्तिबाट कसैको आचरण सम्बन्धी कुनै कुरा जानकारी पाएको भए सम्बन्धित व्यक्तिले मञ्जूरी दिएको वा अधिकार प्राप्त अधिकारीको आदेश भएको अवस्थामा बाहेक निजले त्यस्तो कुरा कसैलाई प्रकट गर्नु हुँदैन, गरेमा तीन बर्षसम्म कैद वा तीस हजार रूपैयासम्म जरिवाना |
| २९५. अनुमति बिना अर्काको तस्वीर खिच्न वा निजको तस्वीरसँग अरू कसैको तस्वीर राखी अर्को तस्वीर बनाउन नहुने।<br>तर सार्वजनिक स्थानको तस्वीर खिच्दा कुनै व्यक्ति समेतको तस्वीर खिचिन गएमा कसूर गरेको नमानिने।<br>सो कसूरमा एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।<br>कसैको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रूपको तस्वीर बनाउन वा प्रकाशन गर्न नहुने बनाएमा बनाएमा दुई वर्षसम्म कैद वा बीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने<br>२९६. कसैले कुनै व्यक्तिको तस्वीर निजको | १६. व्यक्तिको चरित्र वा सामाजिक प्रतिष्ठामा क्षति पुग्ने गरी निजको मञ्जूरीविना निजको तस्विर खिच्न वा निजलाई बदनाम गर्ने नियतले निजको तस्विरसँग अरू कसैको तस्विर राखी जुनसुकै तरिकाले अर्को तस्विर बनाउन वा एक व्यक्तिको तस्विरको केही अंश अर्को व्यक्तिको तस्विरको अर्को अंशसँग मिलाई अर्कै तस्विर बनाउन, प्रकाशन गर्न वा सार्वजनिक गर्न वा गराउन हुँदैन।<br>तर कसैले कुनै सार्वजनिक ठाउँ वा कुनै व्यक्तिको तस्वीर खिच्दा त्यस्तो ठाउँमा रहेको अन्य कुनै व्यक्ति समेतको तस्वीर खिचिन गएकोमा त्यसलाई कसूर |

नेपाल कानून आयोग

| | |
|---|---|
| अनुमति बिना अरूलाई दिन वा बिक्री गर्न वा निजलाई झिझ्याउन वा सताउने, हैरान पार्ने वा निजबाट कुनै अनुचित फाइदा लिने वा तस्वीरको व्यापारिक प्रयोग गरी फाइदा लिने नियतले प्रकाशन गर्न, प्रचार वा खरिद बिक्री गर्न हुँदैन।<br>(२) उपदफा (१) बमोजिको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। | नमानिने<br>कसैले कुनै पनि व्यक्तिलाई (३) सताउने, हैरान पार्ने वा निजबाट कुनै अनुचित फाइदा लिने वा तस्विरको व्यापारिक प्रयोग गरी फाइदा लिने नियतले निजको मञ्जूरी नलिई निजको तस्विर प्रकाशन, प्रचार प्रसार, खरिद बिक्री वा सार्वजनिक गर्न वा गराउन नहुने<br>तीन बर्षसम्म कैद वा तीस हजार रूपैयासम्म जरिवाना |
| २९७.चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुनेः (१) अधिकार प्राप्त अधिकारी वा सम्बन्धित व्यक्तिको अनुमति बिना कसैको चिठ्ठी खोल्न वा अरूले टेलिफोनमा गरेको कुरा कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर बीचमा सुन्न वा ध्वनी अङ्कन गर्न हुँदैन।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। | १४. चिठ्ठीपत्र खोल्न नहुनेः (१) सम्बन्धित व्यक्तिकोमञ्जूरीमा वा कुनै फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीको आदेश भएकोमा बाहेक कसैले पनि कसैको वैयक्तिक चिठ्ठीपत्र अनधिकृत रूपमा खोल्न वा खोल्न लगाउन हुँदैन।<br>कुनै पनि व्यक्तिले अन्य व्यक्तिको (२) विद्युतीयपत्र खोल्न (इमेल), हेर्न वा अन्य कसैलाई पठाउन (फरवार्ड गर्न) हुँदैन। |
| २९८. विद्युतीय माध्यमद्वारा गोपनीयता भङ्ग गर्न नहुनेः (१) कसैले विद्युतीय माध्यममा रहेको वा प्रवाह हुने सूचना, जानकारी, पत्राचार अनधिकृत रूपमा प्राप्त गर्न त्यसको गोपनीयता भङ्ग गर्न वा अनधिकृत रूपमा कसैलाई हस्तान्तरण गर्न वा गराउन हुँदैन। | १९. को उपदफा कसैले कुनै पनि (२) व्यक्तिको विद्युतीय माध्यममा रहेको सूचना, जानकारी, पत्राचार अनधिकृत रूपमा प्राप्त गर्न, त्यसको गोपनीयता भङ्ग गर्न वा अनधिकृत रूपमा कसैलाई उपलब्ध गराउन हुँदैन। |

नेपाल कानून आयोग

| | |
|---|---|
| (२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। | |
| ३०१. अरूको शरीर खानतलासी गर्न नहुनेः (१) कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निजको आदेश वा सुरक्षाको प्रयोजनका लागि खटिएको व्यक्तिले अधिकार प्राप्त अधिकारीको अनुमतिले बाहेक कसैले सम्बन्धित व्यक्तिको स्वीकृति बिना अरूको शरीर, सवारी साधन वा निजी प्रयोगका वस्तुहरूको खानतलासी गर्न वा गराउन हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। | ५को कुनै पनि व्यक्तिको (१) मञ्जूरी नलिई निजको जीऊ वा निजको साथमा रहेको वा निजले प्रयोग गर्ने कुनै वस्तुको तलासी लिन हुँदैन।<br>कै कुरा मा जुनसु (१) उपदफा (२) लेखिएको भएतापनि प्रचलित कानून बमोजिम कुनै सुरक्षा जाँच वा फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिको तलासी लिनु पर्ने अवस्था भएमा कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निजको आदेश बमोजिम सुरक्षाको प्रयोजनको लागि खटिएका कुनै व्यक्ति वा सुरक्षाकर्मीले तलासी लिन सक्नेछ।<br>बमोजिम सुरक्षा जाँच (२) उपदफा (३) गर्नको लागि खटिएका अधिकारीले आफूले सुरक्षा जाँचको लागि प्राप्त गरेको अख्तियारीआफ्नो साथमा राख्नु पर्नेछ र सम्बन्धित व्यक्तिले त्यसरी तलासी लिनुभन्दा अघि हेर्न चाहेमा देखाउनु पर्नेछ। |
| ३०२.अरूको आवासमा अनधिकृत प्रवेश गर्न नहुनेः (१) कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निजको आदेशले बाहेक कसैले अरूको घरमा सम्बन्धित | ८.आवासमा प्रवेश गर्दा सूचना दिनु पर्ने : कुनै फौजदारी कसूरको सिलसिल (१)मा दफा ७ बमोजिम कसैको आवासमा खानतलासी गर्नु पर्ने भएमा त्यसरी |

नेपाल कानून आयोग

| | |
|---|---|
| घर धनीको स्वीकृति बिना अनधिकृत रूपमा प्रवेश गर्न, घर धनी वा निजको परिवारको गोप्यता भङ्ग गर्न वा त्यस्तो घरको खानतलासी गर्न वा गराउन हुँदैन ।<br>स्पष्टीकरण:यस दफाको प्रयोजनका लागि "घर" भन्नाले कुनै व्यक्तिले बसोवास गरेको घर, निवास, आवास, कोठा सम्झनु पर्छ र सो शब्दले त्यस्तो व्यक्तिले रात बिताउने गरी बसेको होटेल कोठा, शिविर र पाल समेतलाई जनाउँछ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। | आवासमा प्रवेश गर्नु पर्ने प्रयोजन खुल्ने गरी निजलाई लिखित सूचना दिनु पर्नेछ।<br>(२) उपदफा बमोजिम (१) कुनै व्यक्तिको आवासमा प्रवेश गर्दा प्रचलितकानून बमोजिमका शर्त तथा कार्यविधि पूरा गर्नु पर्नेछ।<br>तर तत्काल खानतलासी नगरेमा आरोपित व्यक्ति भाग्ने वा उम्कने वा प्रमाण नष्ट हुने भएमा सो कुराको अभिलेख राखी प्रवेश गर्न सकिनेछ। |

नेपाल कानून आयोग

## परिच्छेद-४

## निस्कर्ष र सुझाव

### ४.१ निस्कर्षः

वि.सं. १९१० को मुलुकी ऐन जारी भई नेपालको आधुनिक कानूनी इतिहासको प्रारम्भसँगै सामान्य र विशेष कानूनको विकास हुँदै आएको देखिन्छ। यसैक्रममा सामान्य कानूनको रूपमा रहेको मुलुकी ऐनमा समावेश गरिएका विषयमा समेत समाजको आवश्यकताका आधारमा विशेष कानून बन्दै आएको र विशेष कानून बनेको अवस्थामा सामान्य कानूनको व्यवस्था खारेज गर्ने वा विशेष कानून लागू हुने सिद्धान्तका आधारमा मुलुकी ऐनको व्यवस्था समेत कायमै राख्ने गरी दुवै किसिमको अभ्यास रहँदै आएको पाइन्छ। जस्तै- प्रमाण ऐन २०३१ जारी भएपश्चात मुलुकी ऐनको व्यवस्थाहरू खारेज गरिएको थियो। मुलुकी ऐनको जिउ मास्ने बेच्ने महलको व्यवस्था जस्तै व्यवस्था गरी जारी भएको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ तथा मानव वेचविखत तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ विशेष कानूनको रूपमा जारी हुँदा पनि मुलुकी ऐनको व्यवस्था कायमै राखियो।

यसरी दुवै कानूनी व्यवस्था कार्यान्वयनमा रहेको अवस्थामा कुन कानून लागू हुने भन्ने सन्दर्भमा मुलुकी देवानी संहिता, २०७४ को दफा ३ मा संहिताले नियमित गरेका विषयमा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा त्यस्तो विषयमा यस संहिताको व्यवस्थाले कुनै असर नपार्ने उल्लेख गरिएको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ५ मा तथा देवानी र फौजदारी कार्यविधि संहिताहरूमा समेत सोही प्रकृतिको व्यवस्था रहेको देखिन्छ। तर दुई वा दुई भन्दा बढी विशेष ऐनमा भएका कानूनी व्यवस्था एक आपसमा दोहोरिएको अवस्थामा कुन ऐन लागू हुने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था देखिंदैन।

संहिताहरूमा समावेश गरिएका धेरै विषयहरू विशेष ऐनमा समेत समावेश गरिएको देखिन्छ भने कतिपय व्यवस्था संहितामा भएको र विशेष ऐनमा भएको व्यवस्था हुबहु जस्तै देखिन्छ। जस्तै- मुलुकी अपराध संहिता, २०७४ को दफा २७३ र २७४ र स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ दफा १९क. र १९ख. मा गरिएको नापतौलसँग सम्बन्धित कसूरको व्यवस्था समान रहेको छ। मुलुकी अपराध संहिता, २०७४ को

दफा १०८ र खाद्य ऐन, २०२३ को दफा ४ र ५ को व्यवस्था समेत समान देखिन्छ। संगठित अपराध निवारण ऐन, २०७० को दफा ८ र दफा ९ तथा मुलुकी अपराध संहिता, २०७४ को दफा २५३ को व्यवस्था समान प्रकृतिका देखिन्छ।

कतिपय कसूरमा विशेष ऐनमा भन्दा संहितामा बढी सजायको व्यवस्था गरेको पाइन्छ। यसबाट विशेष कानून लागू हुने व्यवस्थाको आधारमा कसूरदार अधिकतम सजायबाट उन्मुक्त पाउने अवस्था समेत देखिन्छ। जस्तै दाइजो सम्बन्धी कसूरमा अपराध संहिता, २०७४ को दफा १७४ मा तीन बर्षसम्म सजाय हुने व्यवस्था गरिएको देखिन्छ भने विशेष ऐनको रूपमा रहेको सामाजिक व्यवहार सुधार ऐन, २०३३ को दफा ५ मा विवाहमा दाइजो मागे वा लेनदेन गरे वा टण्टा दिएमा दश हजार रूपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरिएको छ।

एउटै विषयलाई नियमन गर्ने सम्बन्धमा समेत दुई वा दुई भन्दा बढी कानूनी व्यवस्था रहेको पाइन्छ। जग्गा प्राप्ति सम्बन्धी विषयमा अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३, क्षति पूर्ति ऐन, २०१९ र जग्गा प्राप्ति ऐन, २०३४ कार्यान्वयनमा रहेका छन्। जग्गा प्राप्तको विषय जटिल एवं नागरिकको मौलिक हकसँग जोडिएको विषय हुनाले सो सम्बन्धमा स्पष्ट र एकल कानूनको आवश्यकता देखिन्छ। गोपनीयताको अधिकारको विषय देवानी दायित्व अन्तरगंत मुलुकी देवानी संहितामा रहनु र सोही विषयका सम्बन्धमा अपराध संहिता र वैयक्तिक गोपनीयता सम्बन्धी छुट्टै कानूनमा व्यवस्था गरिंदा कानून कार्यान्वयनमा द्विविधा हुन सक्ने देखिन्छ।

त्यसैगरी अध्ययनको क्रममा एउटै प्रकृतिको विषयलाई दुई वा दुईभन्दा कानूनहरूमा फरक फरक तरिकाले प्रस्तुत गरिएको समेत देखिन्छ। विशेष कानूनहरूमा समेत एउटै प्रकृतिको कसूरमा फरक फरक दण्ड सजायको व्यवस्था गरिनुले कानून एक रूपतापूर्ण हुनु पर्ने भन्ने सामान्य मान्यताको प्रतिकूल अभ्यास हुन गएको देखिन्छ। कानूनमा देखिएको दोहोरोपनाले नागरिक तथा कानून कार्यान्वयन गर्ने निकाय वा व्यक्तिलाई समेत अन्यौलता सिर्जना गर्न सक्छ। साथै कानूनको छनोट गर्न मिल्ने अवस्था हुनु कानूनको शासन र विधिशास्त्रको मूलभूत मान्यता विपरीत हुन जान्छ। अतः कानूनको दोहोरोपना अन्त हुन जरूरी छ।

नेपाल कानून आयोग

## ४.२ सुझावः

एउटै विषयमा दोहोरो कानूनी व्यवस्थाले अन्यौलता सिर्जना गर्छ। कानून स्पष्ट हुनु पर्छ र दुविधा युक्त हुनु हुँदैन भन्ने विधिशास्त्रीय मान्यता रही आएको छ। अध्ययनको क्रममा धेरै कानूनी व्यवस्था एक आपसमा दोहोरो परेको देखिएकोले त्यस्ता कानूनी व्यवस्थामा स्पष्टता ल्याउन परिमार्जन तथा सुधार आवश्यक छ। त्यस्ता कानूनमा परिमार्जन गरी दोहोरोपनाको अन्त्य गर्न सकिएमा मुलुकमा सुशासन कायम गर्न समेत योगदान पुग्ने देखिन्छ। कानूनमा रहेको दोहोरोपना अन्त्यको लागि देहाय बमोजिमको सुझाव प्रस्तुत गरिएको छः-

१. सामान्य कानूनको रुपमा रहेको विभिन्न संहिताहरु र विशेष ऐनको रुपमा रहेको ऐनमा एउटै विषयमा समान व्यवस्था वा फरक-फरक व्यवस्था रहेकोमा सामान्यः कानूनबाट प्रभावकारी रुपमा नियमित वा व्यवस्थित हुने विषय विशेष ऐनमा राख्न उपयुक्त नहुने।

२. देहाय बमोजिमका विषयमा देहाय बमोजिम गर्न उपयुक्त हुनेः

(क) गोपनीयताको सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४ तथा वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ लगायतमा कानूनी व्यवस्था रहेकोले वैयक्तिक गोपनीयताका व्यवस्थालाई समन्वय हुने गरी मिलाउने।

(ख) बालबालिकाको जन्म दर्ताको सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४, बालबालिका सम्बन्धी ऐन २०७५ तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ मा समेत व्यवस्था गरिएकोले सो विषयमा सबै कानूनहरुमा एकरुपता कायम गर्ने गरी मिलाउने।

(ग) बालबालिकालाई काममा लगाउने उमेर हदको सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४, बाल श्रम (निषेध र नियमित) गर्न ऐन, २०७४ र वालवालिका सम्बन्धी ऐन, २०७५ मा व्यवस्था गरिएकोले उमेर सम्बन्धी व्यवस्थामा एकरुपता कायम गर्ने।

(घ) मुलुकी अपराध संहिताको दफा १६६ मा जातीय छुवाछुत सम्बन्धी कार्यलाई कसूर कायम गरी सजायको व्यवस्था गरिएको र जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ विशेष कानूनको रूपमा कार्यान्वयनमा रहेको हुँदा सजायमा एकरुपता हुने गरी व्यवस्था गर्न हुने उपयुक्त हुने।

(ङ) विशेष ऐनको रूपमा रहेको सामाजिक व्यवहार सुधार ऐन, २०३३ को दफा ५ मा विवाहमा दाइजो मागे वा लेनदेन गरेमा हुने सजायको व्यवस्था मुलुकी अपराध संहिता, २०७४ दफा १७४ गरिएको सजाय अनुरूप परिमार्जन गर्न उपयुक्त हुने।

(च) विभिन्न संहिताहरुमा रहेका कतिपय व्यवस्था विशेष ऐन भन्दा वढी व्यवहारिक र तर्कसँगत देखिएकोले विशेष ऐन परिमार्जन गरी कानूनको दोहोरोपना हटाउने। जस्तै- मुलुकी अपराध संहिता, २०७४ को दफा १८९ तथा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १५ मा महिलाको मञ्जुरीले गर्भपतन गर्न सक्ने व्यवस्था गरेको देखिन्छ। सो सम्बन्धमा संहितामा रहेका कतिपय व्यवस्था सुरक्षित मातृत्व ऐनको व्यवस्था भन्दा महिलाको अधिकारको दृष्टिकोणबाट उदार देखिएकोले उक्त विशेष ऐन परिमार्जन गर्ने।

३. विशेष ऐनको रुपमा रहेको ऐनमा र सामान्य कानूनको रुपमा रहेको संहितामा एउटै विषयमा समान व्यवस्था वा फरक-फरक व्यवस्था रहेकोमा प्रभावकारी रुपमा नियमित वा व्यवस्थित हुने विषयलाई विशेष ऐनमा राखी कार्यान्वयन योग्य बनाउनु पर्ने।

४. दुई वा दुई भन्दाबढी विशेष ऐनमा कुनै विषयलाई नियमित गरिएको भए त्यस्तो कुनै एक बढी सान्दर्भिक विशेष ऐनबाट नियमित हुने व्यवस्था गर्नेः-

(क) सार्वजनिक कामको लागि कुनै व्यक्तिको सम्पत्ति प्राप्त गर्ने सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४, अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३, क्षतिपूर्ति ऐन, २०१९ र जग्गा प्राप्ति ऐन, २०३४ लगायका कानूनमा रहेको हुँदा जग्गा प्राप्ति सम्बन्धमा विशेष कानूनको निर्माण गर्न उपयुक्त हुने।

(ख) लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ मा लिखतहरूको वर्गीकरण सम्बन्धी व्यवस्था गरिएको र कुन लिखतलाई कुन वर्गमा राख्ने भन्ने कुरा छुट्याउन मुख्य सचिवको अध्यक्षतामा सम्बन्धित मन्त्रालयको सचिव समेत रहने व्यवस्था गरिएकोमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २७ मा समेत सूचनाको बर्गीकरण गर्ने सम्बन्धमा समान प्रकृतिको व्यवस्था गरिएकोले सूचनाको हक सम्बन्धी ऐन, २०६४ को व्यवस्था राख्न उपयुक्त हुने।

नेपाल कानून आयोग

(ग) अपाङ्गता भएका बालबालिकाको अधिकारको सम्बन्धमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २० र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १२ मा एकै प्रकारको व्यवस्था रहेको देखिएकोले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को व्यवस्था तुलनात्मकरूपमा विस्तृत देखिएकोले सोही व्यवस्थालाई कायम राखी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १२ को व्यवस्था परिमार्जन गर्न उपयुक्त हुने।

(घ) शिक्षा ऐन, २०२८ को दफा १७ मा कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा उक्त कसूर भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारवाही हुने व्यवस्था गर्न उपयुक्त हुने।

(ङ) औषधिको विषयमा नियमन र नियन्त्रण गर्ने कानूनको रूपमा औषधि ऐन, २०३५ प्रभावकारी हुने देखिंदा कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा रहेको औषधी सम्बन्धी विषय सोही बमोजिम मिलाउन उपयुक्त हुने।

(च) अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ मा धेरै व्यवस्था एक आपसमा दोहोरिएको देखिन्छ। उक्त कानूनी व्यवस्था अख्तियार दुरूपयोग अनुसन्धान आयोगसंग सम्बन्धित देखिएकोले माथि विश्लेषण खण्डमा उल्लेख भए बमोजिम सारवान विषयहरू भ्रष्टाचार निवारण ऐन, २०५९ मा राखी बाँकी कार्यविधिगत विषयहरू अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ ऐनमा राख्न उपयुक्त हुने।

नेपाल कानून आयोग